छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

वर्ष २८ •अंक १०६ • २०८३ साल भाद्र १८ गते बिहीबार (3 September, Thursday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्


## काठमाण्डु-हेटौँडा जोड्ने वैकल्पिक मार्ग

**टुडे समाचारदाता**

काठमाण्डु । त्रिशूली नदीको कटानका कारण पृथ्वी राजमार्गमा सवारी आवागमन प्रभावित भएपछि काठमाण्डु-हेटौँडा जोड्ने वैकल्पिक मार्गको नयाँ रुट तथा कार्यतालिका सार्वजनिक गरिएको छ।

वर्षाद्को समय र सडकको अवस्थालाई ध्यानमा राख्दै काठमाण्डु उपत्यका ट्राफिक प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालय मकवानपुरको समन्वयमा वैकल्पिक रुट निर्धारण गरिएको छ।

उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीका अनुसार काठमाण्डुबाट हेटौंडाका लागि छुट्ने साना सवारीका लागि फर्पिङ-फाखेल-कुलेखानी-भीमफेदीको रुट कायम गरिएको छ।

त्यस्तै, हेटौँडाबाट काठमाण्डु छुट्ने साना सवारी भीमफेदी-कुलेखानी-सिस्नेरी-दक्षिणकाली हुँदै काठमाण्डु प्रवेश गर्नेछन् ।

यसैगरी, ठूला तथा मालवाहक सवारी काठमाडौँबाट चापागाउँ-भट्टेडाँडा-ठिंगन हुँदै हेटौँडा पुग्नेछन् । उक्त रुट प्रयोग गर्ने सवारीले साँझ ६:०० बजेभित्र ठिंगन चेकपोस्ट पार गरिसक्नुपर्ने व्यवस्था गरिएको छ।

हेटौँडाबाट छुट्ने ठूला तथा मालवाहक सवारीका लागि भैँसे-पालुङ-टिस्टुङ-नौबिसे हुँदै काठमाण्डु आउने व्यवस्था मिलाइएको ट्राफिक प्रहरीले जनाएको छ।

## 'सबै निकायसंग समन्वय गरी खोज, उद्धार र उपचारको प्रबन्ध मिलाएको छ'

# भोटेकोशी बाढीपछि सुरक्षा निकायका १३ हजारभन्दा बढी सुरक्षाकर्मी परिचालन, ६९ उडानबाट ३५१ जनाको उद्धार

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री बालेन्द्र साहले भोटेकोशीमा आएको बाढीपछि सरकारले सबै सम्बन्धित निकायसँग समन्वय गरी प्रभावित क्षेत्रमा खोज, उद्धार, उपचार तथा राहतको व्यवस्था प्रभावकारी रूपमा अघि बढाएको बताएका छन् ।

प्रतिनिधिसभाको बुधबारको बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री साहले बाढी आएको लगत्तै नेपाली सेनाको ' ज्वाइन्ट अपरेसन कमिटी', राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको 'क्विक एक्सन टिम' र प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको 'र्‍यापिड एक्सन टिम'मार्फत सूचना संकलन, समन्वय र अनुगमनको काम शुरु गरिएको जानकारी दिए ।

उनले जनाए अनुसार प्रभावित क्षेत्रमा खोज तथा उद्धारसँगै घाइतेलाई तत्काल उद्धार गरी काठमाण्डु ल्याएर उपचारको व्यवस्था गरिएको छ । राष्ट्रिय ट्रमा सेन्टर र वीर अस्पतालमा १०० बेड छुट्याइएको तथा अन्य ठूला अस्पताललाई समेत तयारी अवस्थामा राखिएको उनले बताए ।

सरकारसँगै नेपाल स्काउट, विश्व स्वास्थ्य संगठन, नेपाल रेडक्रसलगायत संस्थाको सहकार्यमा मेडिकल टोली प्रभावित क्षेत्रमा परिचालन गरिएको प्रधानमन्त्री साहले बताए । आपतकालीन स्वास्थ्य सेवा, औषधि तथा रगतको अभाव हुन नदिन रक्तसञ्चार सेवा केन्द्र, बागमती र गण्डकी प्रदेशका स्वास्थ्य मन्त्रालय, नेपाल रेडक्रस सोसाइटी तथा लायन्स क्लब लगायतसँग समन्वय गरिएको उनले जानकारी दिए ।

प्रधानमन्त्री साहका अनुसार बाढी आएको दिन भदौ १० गते दिउँसो ३ बजे नै सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाको नेतृत्वमा टोली स्थलमार्गबाट प्रभावित क्षेत्रतर्फ परिचालन गरिएको थियो । त्यसपछि राज्यका सम्पूर्ण संयन्त्रबाट प्रभावित क्षेत्रको अवस्थाबारे निरन्तर जानकारी



लिने र आवश्यक निर्देशन दिने काम भइरहेको उनले बताए ।

घटनाको दिन मध्यरातमै आठ ट्रक राहत सामग्री प्रभावित क्षेत्रमा पठाइएको र सोही दिन रातिसम्म प्रभावित क्षेत्रका मोबाइल प्रयोगकर्ताका लागि भ्वाइस, डेटा तथा एसएमएस सेवा निःशुल्क बनाइएको प्रधानमन्त्री साहले जानकारी दिए ।

बाढी आएको भोलिपल्ट आफू पूर्वाधार विकासमन्त्रीसहितको टोली लिएर स्थलमार्गबाट प्रभावित क्षेत्रमा पुगेको बताउँदै उनले बागमती प्रदेशका मुख्यमन्त्री पनि टोलीसहित प्रभावित क्षेत्रमा पुगेको उल्लेख गरे । प्रभावित क्षेत्रबाट फर्किएलगत्तै मन्त्रिपरिषद्का सदस्यसँग आपत्कालीन छलफल गरी आवश्यक निर्णय गरिएको उनको भनाइ थियो ।

"रसुवा र नुवाकोटका लागि एक-एक करोड रुपैयाँ तथा धादिङका लागि ५० लाख रुपैयाँ निकासा गर्‍यौं," प्रधानमन्त्री साहले भने।

विदेशी नागरिकको खोज, उद्धार तथा कन्सुलर सहयोगका लागि आपत्कालीन प्रतिकार्य टोली गठन गरिएको उनले बताए । प्रभावित जिल्लामा कार्यरत कर्मचारीलाई कार्यस्थल नछाड्न निर्देशन दिइएको र खोज, उद्धार, उपचार तथा राहत कार्यलाई थप प्रभावकारी बनाउँदै लगिएको उनले जानकारी दिए ।

प्रधानमन्त्री साहका अनुसार घटनापछि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालका गरी १३ हजार २९५ सुरक्षाकर्मी प्रभावित क्षेत्रमा परिचालन भएका थिए । ६९ वटा उडानमार्फत ३५१ जनाको उद्धार गरिएको थियो । उद्धारका क्रममा गम्भीर घाइते, गर्भवती, सुत्केरी, बालबालिका, ज्येष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिलाई प्राथमिकता दिइएको उनले बताए। त्यस्तै, प्रभावित करिब तीन हजार ५०० जनालाई तत्काल बसोबासको व्यवस्था गर्न विद्यालय तथा सार्वजनिक सामुदायिक भवनको प्रयोग गर्ने तयारी गरिएको थियो ।

सरकारले त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलस्थित राष्ट्रिय आपतकालीन गोदाम, नुवाकोटको बट्टारस्थित नेपाली सेनाको मैथिल ब्यारेक र धादिङको बैरेनी ब्यारेकमा राहत सामग्री भण्डारण गरी प्राथमिकताका आधारमा प्रभावित क्षेत्रमा पठाउने व्यवस्था गरेको प्रधानमन्त्रीले बताए । त्रिशूलीमा फिल्ड अस्पताल सेट पठाउनुका साथै काठमाण्डुबाट थप १० ट्रक राहत सामग्री प्रभावित क्षेत्रमा पठाउने व्यवस्था गरिएको सदनलाई जानकारी गराए ।

विपद् व्यवस्थापनमा प्रयोग हुने फिल्ड अस्पताल सेट त्रिशूली पठाएको, काठमाण्डुमा भएको थप १० ट्रक राहत सामग्री प्रभावित क्षेत्रमा पठाएको र सोही दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट प्रधानमन्त्री र मन्त्रीहरूको एक महिनाको पारिश्रमिक प्रधानमन्त्री राहत तथा उद्धार कोषमा जम्मा गर्ने निर्णय गरिएको उहाँले जानकारी गराए ।

९१६ जना सम्पर्कविहिन रहेका र उद्धार गरेर विभिन्न अस्पतालहरूमा भर्ना गरिएका २९२ जना घाइतेमध्ये केहीबेर अघिसम्म १८२ जनालाई उपचारपश्चात घर पठाइएको प्रधानमन्त्री साहले बताए। बाँकी घाइतेहरूको पनि स्वास्थ्यमा सुधार ल्याउन स्वास्थ्यकर्मी लागिरहेको उनको भनाइ थियो ।

काठमाण्डुबाट विशेषज्ञसहितको टोली प्रभावित क्षेत्रका नागरिकहरूको उपचारका लागि पनि खटाइरहेका बताउँदै प्रधानमन्त्री साहले उपचारसँगै प्रभावित क्षेत्रका नागरिकहरूलाई मनोपरामर्श सेवा पनि उपलब्ध गराइरहेको जानकारी गराए।

उनले 'विपद्-पश्चात सरुवा रोग निगरानी तथा प्रतिकार्य योजना' प्रभावकारी रूपमा लागू गर्न प्रदेश तथा स्थानीय तहका स्वास्थ्य अधिकारीहरूलाई आवश्यक तालिम समेत प्रदान गरिएको बताए।

## भोटेकोशी प्रलयको नवौँ दिन आज

# उद्धार र खोजी जारी, क्षतिको एकीकृत विवरण अझै अनिश्चित

**टुडे समाचारदाता**

जनकपुरधाम । रसुवाको भोटेकोशीमा भदौ १० गते आएको विनाशकारी बाढीको आठौँ दिनसम्म पनि प्रभावित क्षेत्रमा उद्धार, खोजी, शव संकलन तथा व्यवस्थापनको काम जारी छ । बाढीबाट रसुवासहित नुवाकोट, गोरखा, धादिङ, चितवन, तनहुँ र नवलपरासी पूर्वलगायतका जिल्लामा ठूलो मानवीय क्षति भएको छ। त्रिशूली नदीको बहावसँगै बगेका शव विभिन्न स्थानमा भेटिने क्रम जारी रहे पनि मृतक, घाइते र बेपत्ताको एकीकृत विवरण अझै सार्वजनिक हुन सकेको छैन।



प्रहरीका अनुसार बाढी प्रभावित क्षेत्रमा उद्धार, खोजी, राहत वितरण र शव व्यवस्थापनका लागि हालसम्म ७ हजार ९ सय १२ प्रहरी कर्मचारी परिचालन भएका छन्। प्रभावित क्षेत्रबाट ६ हजार ५ सय ४१ जनाको उद्धार गरिएको छ भने ४ हजार ८ सय ५८ जना सम्पर्कविहीन रहेको भन्दै खोजी भइरहेको छ। हालसम्म विभिन्न स्थानमा गरी १ हजार १ सय २७ शव फेला परेको विवरण सार्वजनिक गरिएको छ।

बाढी अचानक र अत्यन्त तीव्र गतिमा आउनुको कारणबारे भने अझै स्पष्ट निष्कर्ष आएको छैन । जलवायु विज्ञ तथा हिमाल र हिमनदीसम्बन्धी विशेषज्ञहरूले घटनाको कारण र प्रकृतिबारे अध्ययन गरिरहेका छन् । प्रारम्भिक रूपमा हिमाली क्षेत्रमा भएको अत्यधिक वर्षा, हिमनदी तथा अन्य प्राकृतिक प्रक्रियासँग जोडेर विभिन्न सम्भावनाबारे अध्ययन भइरहेको भए पनि आधिकारिक निष्कर्ष आउन बाँकी छ।

सडक सम्पर्क विच्छेद भएका रसुवा र नुवाकोटका बस्तीमा राहत तथा उद्धारका लागि नेपाली सेना र निजी वायुसेवा कम्पनीका हेलिकोप्टर निरन्तर परिचालन भइरहेका छन् । नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार बाढी आएको भदौ १० देखि बुधबारसम्म काठमाडौंबाट मात्रै २२० वटा हेलिकोप्टर उडान भएका छन् ।

यीमध्ये नेपाली सेनाका हेलिकोप्टरले ४३ र निजी कम्पनीका हेलिकोप्टरले १७७ वटा उडान गरेका छन् । त्रिशूलीस्थित सेनाको तालिम केन्द्रबाट प्रभावित क्षेत्रतर्फ भएका छोटो दूरीका सटल उडानको विवरण भने प्राधिकरणमा अझै समावेश भएको छैन । अधिकांश उडान रसुवाको टिमुरे, धुन्चे तथा त्रिशूली आसपासका प्रभावित क्षेत्रमा उद्धार र राहत सामग्री पुऱ्याउन केन्द्रित छन् ।

भोटेकोशी-त्रिशूली बाढीमा परी ज्यान गुमाएका प्रहरी कर्मचारीका परिवारलाई प्रतिपरिवार १० लाख रुपैयाँ विशेष आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरिएको छ । प्रहरी महानिरीक्षक दानबहादुर कार्कीको अध्यक्षतामा भदौ १५ गते बसेको नेपाल प्रहरी प्रधान कार्यालयको नीति निर्माण समितिको बैठकले प्रहरी कर्मचारीबाट राहतस्वरूप संकलित रकमबाट उक्त सहयोग गर्ने निर्णय गरेको छ।

गोरखातर्फको त्रिशूली नदीमा बुधबार थप तीन शव भेटिएका छन् । यससंगै गोरखामा फेला परेका शवको संख्या ६९ पुगेको छ । बुधबार गोरखा नगरपालिका-१२ अबुँवा क्षेत्रमा मात्रै १६ शवको व्यवस्थापन गरिएको जिल्ला प्रहरी कार्यालय गोरखाले जनाएको छ । गोरखामा फेला परेका ६९ शवमध्ये ५२ शवको व्यवस्थापन भइसकेको छ । पोखरा पठाइएका ११ शवमध्ये चार जनाको सनाखत भएपछि परिवारले बुझेका छन् भने सात शवको पोखरामै व्यवस्थापन गरिएको छ । गोरखामै दुई शवको सनाखत भएको छ । हाल प्रदेश अस्पताल गोरखामा चार शव रहेका छन् ।


रसुवाका विभिन्न स्थानबाट हालसम्म १३३ शव संकलन गरिएको छ । जिल्ला प्रहरी कार्यालयका अनुसार टिमुरे क्षेत्रबाट १०४, स्याफ्रुबेंसी र रोंगा क्षेत्रबाट १८ तथा बेत्रावती क्षेत्रबाट ११ शव संकलन गरिएको छ । शव गन्हाउन थालेपछि हेलिकोप्टरमार्फत नुवाकोटको विदुर लैजाने काम भइरहेको छ ।

बाढीले बगाएका शव भारतसम्म पुगेका छन् । भारतीय सुरक्षा निकायले उत्तर प्रदेशको कुशिनगर जिल्लाका विभिन्न क्षेत्रमा फेला परेका नौ शव सुनौली नाकामार्फत नेपाललाई हस्तान्तरण गरेको छ। तीमध्ये चार महिला, पाँच पुरुष र एक बालिका रहेका छन् । शव आवश्यक प्रक्रिया पूरा गरी बुटवलस्थित लुम्बिनी प्रादेशिक अस्पताल पठाइएको छ।

पश्चिम नवलपरासीस्थित पृथ्वीचन्द्र अस्पतालमा रहेका १४५ शव व्यवस्थापन गरिएको छ । नारायणी नदी किनार र भारतमा भेटिएका थप १९५ शवसमेत बर्दघाटको चिसापानी र सुनवलको मूलपानी सामुदायिक वनमा व्यवस्थापन गरिएको छ । पूर्वी नवलपरासीको देवचुलीस्थित दिव्य मध्यवर्ती सामुदायिक वनमा व्यवस्थापन गरिएका शवको सुरक्षाका लागि तारजाली लगाइएको छ। जंगली जनावरले शव उत्खनन गर्ने जोखिम भएपछि स्थानीय तहको सहयोगमा यस्तो व्यवस्था गरिएको छ।

बाढीमा पालुङटार नगरपालिकाका बासिन्दासमेत ज्यान गुमाउनुका साथै सम्पर्कविहीन भएपछि नगरपालिकाले बिहीबार शोक बिदा दिएको छ। नगरभित्रका सरकारी कार्यालय, शैक्षिक संस्था तथा वित्तीय संस्था बन्द रहनेछन्।

उता, बाढीबाट प्रभावित नुवाकोटका विद्यालयहरू पनि अनिश्चितकालका लागि बन्द गरिएका छन् । विदुर नगरपालिका र किस्पाङ गाउँपालिकाभित्रका सबै विद्यालय बन्द छन् भने बेलकोटगढी र तारकेश्वरले प्रभावित क्षेत्रका शैक्षिक संस्था सञ्चालन अनिश्चितकालका लागि स्थगित गरेका छन् । त्रिशूली नदीको बाढीबाट विदुर नगरपालिकाका ८३ विद्यालयमध्ये करिब एक दर्जन विद्यालय प्रत्यक्ष प्रभावित भएका छन् ।

# नेपाल प्रहरी अस्पतालमा सम्पर्कविहीनका आफन्तले डिएनए प्रोफाइलिङ गर्नसक्ने

काठमाण्डु । नेपाल प्रहरी अस्पतालले रसुवा भोटेकोशी बाढीमा मृत्यु भएका नेपाली र विदेशी नागरिकका शव पहिचानका लागि डिएनए 'प्रोफाइलिङ' सुरु गरेको छ । बाढीका कारण फेला नपरी हराइरहेका नेपाली तथा विदेशी नागरिकका परिवारले डिएनए परीक्षणमार्फत फेला परेका शव तथा शरीरका अंग यकीन गर्न प्रहरी अस्पतालले उक्त प्रोफाइलिङ सुरू गरेको हो ।



प्रहरी अस्पतालमा आज अपराह्न ५:०० बजेसम्म सम्पर्कविहीन भएका परिवारका ५३९ वटा डिएनए प्रोफाइलिङका लागि नमुना सङ्कलन गरिएको छ । प्रहरी अस्पतालका प्रवक्ता रामेश्वर अधिकारी भन्नुहुन्छ, "सम्पर्कविहीन आफन्त आफ्नो परिचय खुल्ने कुनै पनि कागजात र दुईप्रति फोटो लिएर अस्पताल आई आफ्नो नमुना दिन सक्नेछन् ।"

उनीहरूले अस्पतालमा उपलब्ध फाराम भर्नुपर्ने र फाराम भर्न नसक्नेको हकमा अस्पतालले सहयोग गरी सहजीकरण गर्ने र तत्पश्चात् विशेषज्ञ प्राविधिक टोलीबाट नमुना सङ्कलन गर्नेछ । सङ्कलित नमुना नेपाल प्रहरीको विधि विज्ञान प्रयोगशाला र नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानमा पठाइनेछ । प्रहरी टोलीले बाढी प्रभावित क्षेत्रमा बाढीका कारण मृत्यु भएका व्यक्तिको शव पहिचान, घटनास्थल मुचुल्का तथा आवश्यक सम्पूर्ण कानुनी प्रक्रिया पूरा गर्दै शव व्यवस्थापनको काम गरिरहेको छ ।

शव फेला परेको स्थानमा आवश्यक मुचुल्कालगायत कानुनी प्रक्रिया पूरागरी शवलाई सुरक्षित रूपमा झोलामा राख्ने, फोरेन्सिक विशेषज्ञको सहयोगमा शव परीक्षण गर्ने, सर्वसाधारणलाई शव पहिचान गर्न सहज होस् भन्ने उद्देश्यले शवका फोटो तथा उपलब्ध पहिचानसम्बन्धी विवरण प्रदर्शन गरिएको प्रहरीले जनाएको छ ।

पहिचान खुल्न नसकेका शवको हकमा प्रत्येक शवलाई छुट्टाछुट्टै सङ्केत/कोड नम्बर प्रदान गरी शवको फोटो, हुलिया, पहिचानजन्य चिन्ह, कपडा तथा साथमा फेला परेका सामग्रीलगायत विवरण व्यवस्थित रूपमा अभिलेख राखिएको छ । वैज्ञानिक रूपमा शवको पहिचान गर्न सकिने गरी डिएनए नमुना सङ्कलन गरी सुरक्षित संरक्षण गर्ने व्यवस्था गरिएको छ ।

फेला परेका शव वा शरीरका अङ्गको डिएनए परीक्षणमार्फत पहिचान गर्न नजिकको रगतको नाता बाबु, आमा, छोरा वा छोरीमध्ये कुनै एक जनाको रगतको नमुना आवश्यकपर्ने प्रहरीले जनाएको छ । हराइरहेका विदेशी नागरिकको हकमा उक्त व्यक्तिको विदेशमै रहेका बाबु, आमा, छोरा वा छोरीमध्ये कुनै एक जनाले विदेशमा नै डिएनए प्रोफाइलिङ गरी तुलनाका लागि डिएनए प्रोफाइलको 'सफ्ट'कपी प्रहरीको आधिकारिक इमेलमा पठाउन सक्नेछन् । रासस

# माथिल्लो त्रिशूली-१ जलविद्युत आयोजनाबाट ५५७ जना अझै सम्पर्कविहीन

काठमाण्डु । भोटेकोशी नदीमा यही भदौ १० गते गएको बाढीको कारण २१६ मेगावाट क्षमताको माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनामा कार्यरत अझै पनि ५५७ जना कर्मचारी तथा श्रमिकहरूले सम्पर्कविहीन भइरहेका छन् ।

माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनाको प्रवर्द्धक कम्पनी नेपाल वाटर एण्ड इनर्जी डेभलपमेन्ट कम्पनी प्रालीले आज प्रेस विज्ञप्ति जारी गरेर मुख्य सिभिल संरचना निर्माणको ठेक्का पाएको सहायक ठेकेदार कम्पनी पावर चाइनाका ३८५ जना सम्पर्कविहीन भएको जनाएको छ ।

हाइड्रो मेकानिकल तथा इलेक्टो मेकानिकल सहायक ठेकेदार एन्ड्रिज हाइड्रोका ९४ जना सम्पर्कविहीन रहेका छन् ।



नेपाल वाटर एण्ड इनर्जी डेभलपमेन्ट कम्पनी प्रालीका १५ जना, परामर्शदाता कम्पनी जेड कन्सल्टका सात जना, मुख्य निर्माण ठेकेदार डुसानका तर्फबाट ५६ जना जना अहिलेसम्म पनि सम्पर्कविहीन अवस्थामा रहेको बताइएको छ ।

कम्पनीका अनुसार सम्पर्कविहीन रहेकामध्ये करिब ११५ जना हेडवर्क्स क्षेत्र तथा मुख्य सुरुङभित्र फसेको आशङ्का गरिएको छ । कम्पनीका अनुसार माथिल्लो त्रिशूली १ जलविद्युत् आयोजनाबाट भने ८७६ जनाको उद्धार गरिएको छ ।

यो आयोजना रसुवा जिल्लाको आमाछोदिङ्मो गाउँपालिका-१, हाकु क्षेत्र तथा उत्तरगया गाउँपालिका-१ मा निर्माणाधीन अवस्थामा रहेको थियो । यो आयोजना २०८४ साउनभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको थियो ।

कम्पनीका अनुसार बाढीले आयोजनाको निर्माण सम्पन्न हुनलागेको बाँधलगायतका संरचना (हेडवर्क्स) र कार्यालय तथा आवास क्षेत्र पूर्णरूपमा बगाएको छ । बाढी आउनुअघि पूर्वसूचना जारी गरिएको भए पनि अत्यन्त छोटो समयमा ठूलो बाढी तथा लेदो आयोजनास्थलमा प्रवेश गरेका कारण निर्माणस्थल तथा कार्यालयमा कार्यरत अधिकांश कर्मचारी तथा श्रमिक सुरक्षित स्थानतर्फ जान नसकेको जनाएको छ ।

आयोजनामा त्योबेला एक हजार ४३३ जना जनशक्ति कार्यरत रहेका थिए ।

त्यसमध्ये प्रवर्द्धक कम्पनीको तर्फबाट २७ जना, परामर्शदाता ट्र्याक्टावेल तथा जेड कन्सल्टकातर्फबाट २० जना, मुख्य निर्माण ठेकेदार डुसानका तर्फबाट ७८, मुख्य सिभिल सहायक ठेकेदार पावर चाइनकातर्फबाट एक हजार ६९ जना र इलेक्ट्रोमेकानिकल सहायक ठेकेदार एन्ड्रिज हाइड्रोकोतर्फबाट २३९ जना आयोजनामा स्थलमा कार्यरत थिए ।

कम्पनीले विकट भौगोलिक अवस्था, बाढीबाट भएको व्यापक क्षति, सुरुङभित्रको जोखिम तथा थप पहिरोको सम्भावना, प्रतिकूल मौसमका कारण खोजी तथा उद्धार कार्य अत्यन्त चुनौतीपूर्ण बनेको जनाएको छ । कम्पनीले अझै पनि उद्धारका कार्यलाई निरन्तरता दिइरहेको बताइएको छ । रासस

## प्रधानमन्त्री राहत कोषमा जुट्यो करिब सात अर्ब



काठमाण्डु । रसुवाका बाढी प्रभावितका लागि आर्थिक सहयोग जुट्ने क्रम बढ्दै गएको छ ।


प्रधानमन्त्री वालेन्द्र साहले बुधबार प्रतिनिधिसभाको बैठकमा सम्बोधन गर्दै नेपाल सरकारले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र प्रधानमन्त्री राहत कोषमार्फत बाढी प्रभावितका लागि आर्थिक सहयोग जुटाइरहेको छ र यसमा सहयोग आउने क्रम बढ्दै गरेको जानकारी दिनुभयो ।

उहाँका अनुसार राहत कोषमा बुधबारसम्म रु सात अर्ब ८८ लाख ५७ हजार २१७ रुपैयाँ जम्मा भएको छ । जसमध्ये हिजोमात्रै उक्त कोषबाट राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई रु एक अर्ब निकासा गरिएको थियो । त्यसमध्येबाट रु छ करोड ७५ लाख रसुवा, नुवाकोट, धादिङ, गोरखा र तनहुँका बाढी प्रभावित १५ वटा पालिकामा निकास भइसकेको छ ।

उक्त कोषमा हाल रु छ अर्ब ८८ लाख ५७ हजार २१७ मौज्दात रहेको छ भने थप रु ६१ लाख ४१ हजार ७०२ अमेरिकी डलर जम्मा भएको छ । रासस

# प्रतिनिधिसभाबाट भोटेकोशी बाढी विपद्सम्बन्धी विशेष प्रस्ताव पारित

काठमाण्डु । प्रतिनिधिसभा बैठकले भोटेकोशी बाढी विपद्सम्बन्धी विशेष प्रस्ताव पारित गरेको छ । प्रतिनिधिसभाको आजको बैठकमा सभामुख डोलप्रसाद अर्यालले प्रस्तुत गर्नुभएको उक्त प्रस्ताव बैठकले सर्वसम्मतिले पारित गरेको हो ।



बैठकमा प्रस्ताव राख्दै उहाँले विपद्बाट ज्यान गुमाउने स्वदेशी तथा विदेशी नागरिकहरूप्रति श्रद्धाञ्जली अपर्ण गर्दै शोक शन्तप्त परिवारजन, आफन्त र सम्बन्धित राष्ट्रप्रति समवेदना व्यक्त गर्नुभयो । साथै उहाँले घाइते नागरिकको श्रीघ स्वास्थ्य लाभको कामना गर्नुभयो ।

सभामुख अर्यालले विपद्बाट प्रभावित नागरिकको आर्थिक तथा मनोसामाजिक अवस्थाप्रति संवेदनशिल हुँदै महिला तथा बालबालिकाको सुरक्षा, संरक्षण र उनीहरूको आवश्यक सेवामा सहज पहुँच व्यवस्था गर्न सरकार तथा सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभयो ।

उहाँले जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा तापक्रम वृद्धि भइरहेको उल्लेख गर्दै यसले नेपालका हिमनदी र हिमतालमा परिवर्तन भइरहेको बताउनुभयो । सभामुख अर्यालले जलवायु परिवर्तनबाट सिर्जित राष्ट्रिय सुरक्षा चुनौती सम्बन्धमा अन्तरराष्ट्रियस्तरमा नेपालले आफ्नो मुद्दा स्थापित गराउन आवश्यक रहेकामा जोड दिनुभयो ।

जलवायु परिवर्तनबाट सिर्जित क्षति र नोक्सानीको अन्तरराष्ट्रिय बहसमा नेपालले अझ स्पष्ट र बलियो रूपमा उठाउन उहाँले सरकारको ध्यानाकर्षणसमेत गराउनुभयो ।

"रसुवा विपद्ले हामीलाई महत्त्वपूर्ण पाठ सिकाएको छ । विपद्पछिको व्यवस्थापनमात्र हैन पूर्वतयारीको संस्कृति निर्माण गर्नुपर्दछ । हिमताल र हिमनदीको नियमित अनुगमन प्राथमिकतामा राख्नुपर्दछ", उहाँले भन्नुभयो ।

सभामुख अर्यालले तीनै तहका सरकार, सबै राजनीतिक दल, नागरिक समाज, सरकारका सम्पूर्ण संयन्त्र एवं स्रोत परिचालन गरी उद्धारलाई तीव्रता दिन र विस्थापित नागरिकलाई पुनःस्थापना गर्न आग्रह गर्नुभयो । भोटेकोशी बाढीको विपद्मा परी दिवङ्गत हुनुभएका नागरिकको आत्माको चीर शान्तिको कामना गर्दै बैठकमा एक मिनेट उभिएर मौन धारण गरिएको थियो ।रासस

# 'सम्पर्कविहीनको खोजीमा निरन्तर लागिरहेका छौँ'

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले चिलिमे जलविद्युत् परियोजना कार्यरत कर्मचारीका परिवारका सदस्यालाइ भेट गर्नुभएको छ । आज मन्त्रालयमा परिवारजनसँगको भेटमा मन्त्री श्रेष्ठले एक सातासम्म आफन्तको अवस्थाबारे कुनै जानकारी नपाउँदाको पीडा अत्यन्त गहिरो हुने भन्दै त्यसलाई शब्दमा व्यक्त गर्न नसकिने बताउनुभयो ।



"हरेक जीवन अमूल्य छ । एउटा पनि जीवनको खोजीमा राज्यले कुनै कसर बाँकी राख्नु हुँदैन र राखेको पनि छैन", मन्त्री श्रेष्ठले भन्नुभयो । खोजी तथा उद्धारका लागि राज्यका सम्पूर्ण संयन्त्र, दक्ष जनशक्ति, प्रविधि र उपलब्ध स्रोतसाधन परिचालन गरिएको उहाँले जानकारी दिनुभयो ।

उद्धार प्रयासमा प्रविधि, दक्ष जनशक्ति र स्रोतको कुनै कमी हुन नदिइएको स्पष्ट पार्दै मन्त्री श्रेष्ठले एक सातासम्म पनि अपेक्षित परिणाम प्राप्त हुन नसक्दा चिन्ता बढ्दै गएको बताउनुभयो । सरकारले कठिन परिस्थितिमा पनि खोजी तथा उद्धारलाई निरन्तरता दिइरहेको उल्लेख गर्दै उहाँले परिवारजनलाई धैर्य नगुमाउन आग्रह गर्नुभयो ।

"हामी अन्तिम सम्भावनासम्म प्रयास गरिरहने छौँ । अझै आशा मार्ने बेला भएको छैन । प्रयास र प्रार्थना सँगसँगै गरौँ, आशा जीवित राखौँ", उहाँले भन्नुभयो । मन्त्री श्रेष्ठले सरकार आफ्ना नागरिक तथा राष्ट्रसेवकका परिवारसँगै रहेको उल्लेख गर्दै कठिन घडीमा परिवारलाई एक्लो महसुस हुन नदिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

भेटका क्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सरिता दवाडीले सरकारका विभिन्न निकायबीच समन्वय र सहकार्य गर्दै खोजी तथा उद्धारको काम अघि बढिरहेको जानकारी दिनुभयो । नागरिकको जीवन रक्षा गर्नु सरकारको प्रमुख दायित्व भएकाले सोहीअनुसार उपलब्ध सबै उपायको प्रयोग भइरहेको उहाँले बताउनुभयो ।

त्यस्तै, चिलिमे जलविद्युत् कम्पनीका अध्यक्षसमेत रहनुभएका नेपाल विद्युत् प्राधिकरणका कामु कार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठले हालसम्म भइरहेका खोजी तथा उद्धारका प्रयासबारे परिवारजनलाई जानकारी दिनुभयो । उद्धार तथा खोजीकार्यलाई प्रभावकारी बनाउन कम्पनीका तर्फबाट आवश्यक सबै प्रयास भइरहेको उहाँले बताउनुभयो । रासस

## तत्कालीन प्रमुख मालपोत अधिकृतसहित पाँच जनाविरुद्ध मुद्दा दायर

काठमाण्डु । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मालपोत कार्यालय भैरहवा, रुपन्देहीका तत्कालीन प्रमुख मालपोत अधिकृत कुमार आचार्यसहित पाँच जनाविरुद्ध गैरकानुनी लाभ वा हानी गरेको भन्दै आज विशेष अदालत काठमाडौँमा आरोपपत्र दायर गरेको छ ।

आयोगले मालपोत कार्यालय, भैरहवा, रुपन्देहीका तत्कालीन प्रमुख मालपोत अधिकृत आचार्यसमेत पाँच जनाउपर गैरकानुनी लाभ वा हानि, गलत लिखत एवं सरकारी कागजात सच्च्याइ भ्रष्टाचार गरेकोसम्बन्धी आरोपपत्र दायर गरिएको जनाएको छ ।रासस

# विपद्मा सुरक्षाकर्मीसँगै जनपरिचालन पनि हुनुपर्छः संयोजक दाहालले

काठमाण्डु । नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले राष्ट्रिय विपत्तिको अवस्थामा सरकारले सबै पक्षलाई विश्वासमा लिएर अघि बढ्नुपर्ने बताउनुभएको छ । प्रतिनिधिसभाको आजको बैठकमा दलीय आधारमा मन्तव्य राख्दै उहाँले सङ्कटको समयमा सरकार जनताको साथमा हुनुपर्ने बताउनुभयो ।

"भोटेकोशी महाविपत्तिको सामना गर्न सबै तहको सरकार, जनप्रतिनिधि, नागरिक समाज र आमनागरिकलाई विश्वासमा लिएर परिचालन गर्नुपर्छ", संयोजक दाहालले भन्नुभयो, "सुरक्षाकर्मी परिचालनले मात्रै पुग्दैन, सँगसँगै जनपरिचालन गर्नुपर्छ ।" उहाँले सङ्घ, प्रदेश र स्थानीय सरकारसँगै जनप्रतिनिधिलाई पनि विपद्को अवस्थामा थप क्रियाशील बनाइनुपर्नेमा जोड दिनुभयो ।



विसं २०७२ को भूकम्पलगायत राष्ट्रिय सङ्कटको घडीमा विपक्षीका रूपमा आफूहरूले सरकारलाई साथ दिएको स्मरण गर्दै संयोजक दाहालले बाढीपश्चात खोज, उद्धार र राहत वितरणमा सरकारको गम्भीर ध्यान जानुपर्ने बताउनुभयो ।

"बाढीपछिको उद्धारमा कमिकमजोरी देखिए त्यसलाई सच्याएर जानुपर्छ, राहत, तत्काल पुनःस्थापना र दीर्घकालीन पुनःनिर्माणमा सरकारका गम्भीर बन्नुपर्छ", संयोजक दाहालले भन्नुभयो, "राष्ट्रिय एकता, समन्वय र सहकार्यको नेतृत्व गर्ने सरकारलाई अवसर छ, यसतर्फ सरकार र सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी गम्भीर हुनुपर्छ ।"

संयोजक दाहालले जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा जोखिम बढिरहेको उल्लेख गर्दै नेपालले जलवायु न्यायको विषयलाई थप सशक्त रूपमा उठाउनुपर्नेमा जोड दिनुभयो । रासस


## ज्योतिष-मार्गदर्शन


प्रसिद्ध ज्योतिषगुरु ई बिबेक



मेष : धार्मिक कार्यमा सहभागी भएर दिनको सुरुवात गर्नु उचित हुन्छ ।
वृष : नयाँ व्यक्तिसंगको भेटले मन शान्त बन्नेछ।
मिथुन : तपाईको बोलीका कारण साथीभाई टाढा हुनेछन् ।
कर्कट : जिम्मेवारी थपिने छ । दाजुभाईसंगको सहकार्यले फाइदा हुनेछ ।
सिंह : राजनीतिक नेतृत्वको साथमा महत्वपूर्ण काम बन्नेछ ।
कन्या : विदेशमा गरेको लगानीबाट नाफा हुनेछ। व्यापारमा हिम्मत गर्नुपर्ने देखिन्छ।
तुला : बौद्धिक व्यक्तिसंग सल्लाह लिएर काम गर्नुपर्ने दिन छ ।
वृश्चिक : वैदेशिक रोजगारीमा नाफा हुनेछ ।
धनु : कृषि र फलफुलको व्यापार गरेमा फाइदा हुने योग छ ।
मकर : प्रेम सम्बन्ध सुमधुर बन्ने योग छ । बौद्धिक व्यक्तिसंग भेट हुन्छ ।
कुम्भ: अभिभावकले दिएको आर्शिवादले मात्र तपाईको दिन सहज बन्नेछ ।
मीन: परिवारको साथ र सहयोग मिल्ने छ । प्रेम सम्बन्ध सुमधुर बन्नेछ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378


## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# बाढी पिडीतलाई राहत सहयोग

## सुरुङ्गा नगरपालिकाद्वारा ५ लाख बढीको सहयोग

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको सुरुङ्गा नगरपालिकाले रसुवाको भोटेकोशी सहित विभिन्न जिल्लाका नदी क्षेत्रमा आएको बाढीका कारण हराइरहेका नागरिकको खोजी, उद्धार तथा राहतका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा पाँच लाख ५१ हजार सहयोग गर्ने भएको छ।

नगरप्रमुख गीता चौधरीको नेतृत्वमा मगलबार बसेको कार्यपालिका बैठकले बाढीपहिरोबाट प्रभावित नागरिकप्रति ऐक्यबद्धता जनाउँदै उक्त रकम कोषमा जम्मा गर्ने निर्णय गरेको हो।

नगरपालिकाले भदौ १० गते भोटेकोशी नदीमा आएको बाढीका कारण रसुवा, नुवाकोट, लगायत जिल्लामा भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै बाढीपहिरोमा परी ज्यान गुमाउनेप्रति श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गरेको छ। नगरपालिकाले बाढीबाट घाइते तथा प्रभावित नागरिकको शीघ्र स्वास्थ्यलाभ र सुरक्षित पुनर्स्थापनाको कामना गर्दै विपद्को कठिन अवस्थामा प्रभावित परिवारको साथमा रहने प्रतिबद्धता जनाएको छ।

बैठकले विपद् प्रभावित नागरिकको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि नेपाल सरकारले सञ्चालन गर्ने अभियानमा आवश्यक सहयोग गर्ने निर्णयसमेत गरेको छ। नगरपालिकाले मानवीय सहयोगका लागि आवश्यकता अनुसार निरन्तर सक्रिय रहने जनाएको छ।

यसैबीच, बाढीपहिरोमा परी सम्पर्कविहीन भएका रसुवाकै मेलुङ्ग ५, एमभी हाइड्रोपावरमा कार्यरत कर्मचारी सुरुङ्गा नगरपालिका २ का सरोज चौधरीको तत्काल खोजी तथा उद्धारका लागि नगरपालिकाले सरकारसँग आग्रह गरेको छ। नगर कार्यपालिकाले चौधरीको अवस्था तत्काल सार्वजनिक गर्न तथा खोजी र उद्धार कार्यलाई तीव्रता दिन सम्बन्धित निकायको ध्यानाकर्षण गराएको हो।




## जउवा सँघ उपाध्यक्षद्वारा ८ लाख बढीको सहयोग



**टुडे समाचादाता**

जनकपुरधाम । रसुवा सहित विभिन्न जिल्लाको नदी क्षेत्रमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको राहत तथा पुनःस्थापनाका लागि जनकपुरधाम उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष मनोजकुमार साहले ८ लाख ५१ हजार रुपैयाँ सहयोग गरेका छन्।

बाढीका कारण ठूलो जनधनको क्षति भएपछि पीडित परिवारलाई राहत उपलब्ध गराउने उद्देश्यले साहले उक्त रकम सहयोग गरेका हुन्। विपद्को समयमा पीडित नागरिकलाई सहयोग गर्नु सबैको साझा दायित्व रहेको उनले बताए।

साहले बाढीबाट प्रभावित नागरिकको तत्कालीन आवश्यकता पूरा गर्न राहतसँगै दीर्घकालीन पुनःस्थापनाका लागि समेत थप सहयोग आवश्यक रहेको बताए।

उनले विपद्मा परेका नागरिकलाई राज्यसँगै निजी क्षेत्र, व्यवसायी तथा आम नागरिकले आ-आफ्नो क्षमताअनुसार सहयोग गर्नुपर्नेमा जोड दिए।

रसुवामा आएको बाढीले ठूलो मानवीय तथा भौतिक क्षति पुऱ्याएपछि विभिन्न क्षेत्रबाट पीडितका लागि राहत तथा आर्थिक सहयोग जुटाउने क्रम जारी छ।

## आलुप्याज संघ राहत लिएर प्रभावित क्षेत्रतर्फ प्रस्थान

**टुडे समाचारदाता**

जनकपुरधाम । रसुवामा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकका लागि राहत सामग्री लिएर जनकपुरधामस्थित आलुप्याज व्यवसायी संघका एक टोली प्रभावित क्षेत्रतर्फ प्रस्थान गरेको छ।

जनकपुरधाम आलु प्याज व्यवसायी संघको पहलमा पेठिया बजारका स्थानीय, व्यापारी तथा नागरिक समाजको सहयोगमा संकलित करिब ५ लाख रुपैयाँ बराबरको राहत सामग्री बाढी प्रभावित परिवारसम्म पुर्याउन टोली प्रस्थान गरेको हो।

संघका अध्यक्ष सुरज साहका अनुसार राहत सामग्रीमा १०७ बोरा चामल, ८ बोरा दाल, ११ बोरा आलु, ७ बोरा च्युरा, २७ बोरा मुरही, ८ बोरा नुन र ८ बोरा सोयाबडी रहेका छन्।

बाढीबाट प्रभावित परिवारलाई तत्काल आवश्यक पर्ने खाद्यान्न सामग्री संकलन गरी प्रभावित क्षेत्रमा पुर्याउन लागिएको अध्यक्ष साहले बताए। टोलीले सम्बन्धित क्षेत्रमा पुगेर स्थानीय आवश्यकताका आधारमा राहत सामग्री वितरण गर्ने जनाएको छ।

राहत सामग्रीसहित जनकपुरधामबाट प्रस्थान गरेको टोलीलाई जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीसहितको टोलीले विदाइ गरेको थियो।

कार्यक्रममा अध्यक्ष भण्डारीले विपद्को कठिन समयमा पीडित परिवारसम्म राहत पुर्याउने अभियान प्रशंसनीय रहेको बताए। उनले विपद्का बेला निजी क्षेत्र, व्यापारी तथा नागरिक समाजले देखाएको सहयोगी भावना महत्वपूर्ण रहेको उल्लेख गरे।

राहत सामग्री बोकेको टोली प्रभावित क्षेत्रमा पुगेपछि स्थानीय अवस्था र आवश्यकताको पहिचान गरी सामग्री वितरण गर्ने जनाएको छ।



## लघुवित्तले गे ५ लाख ५५ हजारको सहयोग




**टुडे समाचारदाता**

जनकपुरधाम । सम्पाद लघुवित्त वित्तीय संस्था लिमिटेडले रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको राहत तथा उद्धार कार्यमा सहयोग पुऱ्याउन सम्पदा प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा ५ लाख ५५ हजार ५ सय ५५ रुपैयाँ सहयोग गरेको छ।

संस्थाले बुधबार जारी गरेको प्रेस विज्ञप्तिमार्फत गत भदौ १० गते भोटेकोशी नदीमा आएको आकस्मिक बाढीका कारण रसुवा, नुवाकोट, धादिङलगायत जिल्लामा भएको गम्भीर मानवीय तथा भौतिक क्षतिप्रति दुःख व्यक्त गरेको छ।

बाढीमा परी ज्यान गुमाउनेहरूप्रति संस्थाले श्रद्धाञ्जली अर्पण गर्दैशोकसन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गरेको छ।

साथै, विपद्का कारण सम्पर्कविहीन भएका सर्वसाधारण तथा विभिन्न बैंक तथा वित्तीय संस्था र संघसंस्थामा कार्यरत कर्मचारी र उनीहरूका परिवारले भोग्नुपरेको पीडाप्रति पनि संस्थाले सहानुभूति जनाएको छ।

प्राकृतिक विपद्बाट प्रभावित नागरिकको राहत तथा उद्धारमा सहयोग गर्ने उद्देश्यले नेपालसरकारकोआह्वानअनुसार उक्त रकम प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा जम्मा गरिएको संस्थाले जनाएको छ।

सम्पदा लघुवित्तका प्रमुख कार्यकारी अधिकृत लक्ष्मण पौडेलद्वारा जारी विज्ञप्तिमा विपद्को यस कठिन घडीमा प्रभावित नागरिकप्रति संस्थाले ऐक्यबद्धता जनाएको उल्लेख छ।

## कैदीबन्दीहरुद्वारा ४५ हजारको सहयोग

**टुडे समाचारदाता**

लहान । सिरहा कारागारका कैदीबन्दीहरूलेरसुवाकोभोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनाका लागि आर्थिक सहयोग गरेका छन्।

बुधबार कैदीबन्दीहरूले स्वेच्छाले रकम संकलन गरी राष्ट्रिय वाणिज्य बैंक सिरहामार्फत प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ४५ हजार रुपैयाँ जम्मा गरेका हुन्।

भदौ १० गते रसुवास्थित भोटेकोशी नदीमा आएको बाढीका कारण रसुवा, नुवाकोट, धादिङलगायतका क्षेत्रमा ठूलो जनधनको क्षति भएको थियो। विपद्बाट प्रभावित परिवारलाई राहत तथा उद्धारमा सहयोग पुऱ्याउने उद्देश्यले कैदीबन्दीहरूले आफ्नो तर्फबाट रकम जुटाएका हुन्।

सिरहा कारागारका कर्मचारी तथा कैदीबन्दीहरूले बाढीमा ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभ तथा बेपत्ताहरूको सकुशल उद्धारको कामना गरेका छन्।

कारागार प्रशासक विकल श्रेष्ठले विपद्को समयमा मानवीय सहयोगका लागि रकम उपलब्ध गराउने सम्पूर्ण कैदीबन्दीप्रति धन्यवाद व्यक्त गरेका छन्।




## केडिया औद्योगिक समूहद्वारा एक करोडको राहत



**टुडे समाचारदाता**

मलंगवा । रसुवाको भोटेकोशी बाढीपीडितका लागि राहतस्वरुप सर्लाहीको हरिवन स्थित इन्दु शंकर चिनी उद्योग लिमिटेडसहित केडिया परिवार समूहले एक करोड रुपैया राहत स्वरुप सहयोग गरेको छ।

औद्योगिक समूह केडिया परिवार अन्तर्गतका उद्योगहरु मध्ये इन्दु शंकरको तर्फबाट ३५ लाख, सुशील वनस्पति प्रालिबाट ४० लाख, डीएभी सुशील केडिया विश्वभारतीबाट २० लाख र सीताराम गोकुल मिल्क्स प्रालिबाट पाँच लाख रुपैंया गरी जम्मा एक करोड रुपैंया प्रधानमन्त्री दैवी प्रकोउ उद्धार कोषमा जम्मा गरिएको केडिया परिवारले जनाएको छ।

इन्दु शंकरका मालिक राजेश केडियासहित केडिया परिवारका सदस्यहरुले मंगलबार अर्थ मन्त्री डा. स्वर्णिम वाग्लेलाई भेटेर चेक हस्तान्तरण गरिएको इन्दु शंकर चिनी उद्योगका प्रशासकीय प्रमुख ठाकुर नेपालले जानकारी दिए।

## रामगोपालपुरद्वारा ३१ लाख बढीको सहयोग

**टुडे समाचारदाता**

जलेश्वर । रसुवाको भोटेकोशीलगायत विभिन्न जिल्लामा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनाका लागि महोत्तरीको रामगोपालपुर नगरपालिकाले ३१ लाख २५ हजार १३४ रुपैयाँ सहयोग गर्ने भएको छ।




नगरपालिकाले भदौ ११ गते जारी गरेको प्रेस विज्ञप्तिमार्फत उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय सार्वजनिक गरेको हो। नगरपालिकाले विपद्का कारण भएको मानवीय तथा भौतिक क्षतिप्रति दुःख व्यक्त गर्दै पीडितको राहत र पुनःस्थापनामा सहयोग गर्ने उद्देश्यले रकम उपलब्ध गराउन लागेको जनाएको छ।

नगरपालिकाका अनुसार सहयोग रकम विभिन्न स्रोतबाट जुटाइनेछ। नगरपालिकाको वार्षिक बजेटबाट १० लाख रुपैयाँ, नगरपालिकाका जनप्रतिनिधिहरूको तर्फबाट ७ लाख ११ हजार ५०० रुपैयाँ, नगरपालिकामा कार्यरत राष्ट्रसेवक कर्मचारीबाट ६ लाख ८ हजार ६५४ रुपैयाँ र सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीबाट ८ लाख ४ हजार ९८० रुपैयाँ संकलन गरिने उल्लेख छ।

यसरी चारवटा शीर्षकबाट गरी कुल ३१ लाख २५ हजार १३४ रुपैयाँ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिने नगरपालिकाले जनाएको छ। जनप्रतिनिधिको योगदान एक महिनाको सेवा सुविधाबापतको रकमबाट हुने नगरपालिकाले जनाएको छ।

त्यस्तै राष्ट्रसेवक कर्मचारीतर्फ अधिकृतस्तरकाकर्मचारीकोसातदिन, सहायकस्तरका कर्मचारीको पाँच दिन तथा श्रेणीविहीन कर्मचारीको दुई दिन बराबरको तलब योगदान गरिनेछ। सामुदायिक विद्यालयतर्फ माध्यमिक तहका शिक्षकको सात दिन, आधारभूत तहका शिक्षकको पाँच दिन तथा विद्यालय सहयोगी र कर्मचारीको दुई दिन बराबरको तलब योगदानस्वरूप जम्मा गरिने प्रेस विज्ञप्तिमा उल्लेख छ।

रामगोपालपुर नगरपालिकाले प्राकृतिक विपद्बाट प्रभावित व्यक्ति, परिवार तथा समुदायको उद्धार, राहत र पुनःस्थापनामा राज्यका सबै निकाय तथा नागरिकको सहयोग आवश्यक रहेको जनाएको छ। नगरपालिकाले पछिल्लो समय भोटेकोशी नदीमा आएको बाढीबाट रसुवा, नुवाकोट, गोर्खा, धादिङ र चितवनलगायत जिल्लामा भएको ठूलो जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै मृतकप्रति श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारमा समवेदना प्रकट गरेको छ।

## इनारमा युवकको मृत्यु



**टुडे समाचारदाता**

जनकपुरधाम । इनारमा खसेको बाख्रा निकाल्न पसेका धनुषाको गणेशमान चारनाथ नगरपालिका-१ का एक युवकको निस्सासिएर मृत्यु भएको छ।

मृत्यु हुनेमा सोही ठाउँका ३५ वर्षीय रामचन्द्र रौनियार रहेका छन्। धनुषा प्रहरीका अनुसार गोलघर नजिक रहेको सार्वजनिक इनारमा भदौ १३ गते बिहान बाख्रा खसेको थियो।

बाख्रा निकाल्नका लागि रामचन्द्र इनारभित्र पसेका थिए। इनारभित्र पसेपछि अक्सिजनको अभावमा निस्सासिएर उनको मृत्यु भएको प्रारम्भिक जानकारी प्रहरीले दिएको छ।

घटनाबारे जानकारी पाएपछि प्रहरीले उद्धारको प्रयास गरेको थियो। घटनाको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## ठूलो परिमाणमा अवैध सामाग्री बरामद

**टुडे समाचारदाता**

मलंगवा । सर्लाही प्रहरीले ठुलो परिमाणमा अवैध कपडा र एउटा कार नियन्त्रणमा लिएको छ। जिल्लाको ईश्वरपुर नगरपालिकामा चेकजाँचको क्रममा ती सामाग्री नियन्त्रणमा लिइएको हो।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार चेकजाँचका क्रममा उक्त सामग्री बरामद गरिएको हो। इलाका प्रहरी कार्यालय फूलजोर र ट्राफिक प्रहरीको संयुक्त टोलीले ईश्वरपुर नगरपालिका-५, फूलजोर चोकस्थित फूलजोर-बयलवास सडकखण्डमा चेकजाँच गरिरहेको थियो।

सोही क्रममा बा ७ च १६३२ नम्बरको कार प्रहरी टोलीलाई देख्नासाथ चालकले सडकमै छाडेर फरार भएका थिए। शंका लागेर उक्त कार खानतलासी गर्दा भित्र लुकाइछिपाइ राखिएको अवस्थामा अन्दाजी ८ लाख ७८ हजार ८ सय रुपैयाँ बराबरको तयारी कुर्ता सुरुवाल फेला परेको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवं प्रहरी नायव उपरीक्षक वेद प्रसाद गौतमका अनुसार नियन्त्रणमा लिइएको कार र कपडालाई थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि सर्लाही भन्सार कार्यालयमा पठाइएको छ। फरार चालकको खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ।



## हवाई इन्धन चोरीका आरोपित धरौटीमा रिहा




**टुडे समाचारदाता**

वीरगञ्ज । जिल्ला अदालत पर्साले हवाई इन्धन चोरी गरेको अवस्थामा पक्राउ परेका मध्ये ६ जनालाई धरौटीमा छाडेको छ। भदौ २१ गते पक्राउ परेका ७ मध्ये ६ जनालाई पर्सा जिल्ला अदालतले धरौटीमा छाडन आदेश दिएको हो।

चार जनालाई जनही २५ हजार र दुई जनालाई जनही ४५ हजार धरौटीमा छाडन आदेश दिइएको पर्सा जिल्ला अदालतका श्रेस्तेदार प्रभाकर मल्लिकले बताए। उनका अनुसार मंगलबार अबेरसम्म चलेको बहसमा अदालतले ६ जनालाइ धरौटीमा छाडन आदेश दिएको हो भने मुख्य अरोपी सुनैन मियाँको हकमा केही आदेश नभएको जनाइएको छ।

अदालतले उमेश राना मगर र मन्द सिंह लामासँग जनही ४५ हजार धरौटी माग गरेको छ भने असलम हवारी, रफिक मियाँ, सन्देश राना मगर र केशर राना सुनारसंग जनही २५/२५ हजार रुपैयाँ धरौटी माग गरिएको हो। पेट्रोल पम्पका सञ्चालक सुनैन मियाँ भने अदालतमा हाजिर नभएको हुँदा उनको थुनछेक बहस हुन बाँकी रहेको अदालत स्रोतले जनाएको छ।

भदौ २ गते अदालतले नै मियाँ बिरामी रहेको भन्दै ५ दिनको म्यादमा अनुसन्धान सकिए फाइल बुझाउन र नसकिए बाहिर राखेर अनुसन्धान गर्न आदेश दिएपछि उनी रिहा भएका थिए। तर अदालतमा प्रहरीले अनुसन्धान सकेर मुद्दा बुझाउँदा पनि मियाँ हाजिर नभएको जनाइएको छ।


## ४९३ जना भूमिहीनलाई लालपूर्जा वितरण

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको पिपरा गाउँपालिका-५ सहोडवाका ४९३ जना जग्गाधनीलाई गाउँब्लक जग्गाको जग्गाधनी प्रमाणपुर्जा (लालपुर्जा) वितरण गरिएको छ।

बुधबार आयोजित कार्यक्रमका बीच लामो समयदेखि जग्गाधनी प्रमाणपुर्जाको प्रतीक्षामा रहेका स्थानीयलाई सम्बन्धित जग्गाको स्वामित्व प्रमाणित हुने गरी लालपुर्जा वितरण गरिएको जनाइएको छ।

लालपुर्जा वितरण कार्यक्रममा प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जग्गाको स्वामित्वसँग जोडिएको प्रमाणपुर्जा प्राप्त हुनु नागरिकका लागि महत्वपूर्ण उपलब्धि भएको बताए। उनले वर्षौंदेखि गाउँब्लक जग्गाको स्वामित्व प्रमाणित हुन नसक्दा स्थानीयले भोग्दै आएको समस्या लालपुर्जा वितरणसँगै समाधान हुने विश्वास व्यक्त गरे।




प्रमुख जिल्ला अधिकारी यादवले भने, 'लालपुर्जा प्राप्त भएपछि नागरिकको जग्गामाथिको कानुनी स्वामित्व थप सुनिश्चित हुन्छ। यसले जग्गाको कारोबार, संरक्षण तथा आगामी पुस्तामा हस्तान्तरण गर्नसमेत सहज बनाउँछ।'

उनले गाउँब्लक जग्गासम्बन्धी बाँकी समस्या समाधानका लागि सम्बन्धित निकायबीच आवश्यक समन्वय र सहकार्यलाई निरन्तरता दिनुपर्नेमा जोड दिए। वास्तविक जग्गाधनीलाई पहिचान गरी प्रक्रिया पूरा गरेर प्रमाणपुर्जा उपलब्ध गराउने कार्यलाई प्राथमिकतामा राख्नुपर्ने उनको भनाइ थियो।

स्थानीयले लामो समयदेखि उपभोग गर्दै आएको जग्गाको लालपुर्जा प्राप्त भएपछि जग्गाको स्वामित्वसम्बन्धी अन्योल अन्त्य भएको बताए। लालपुर्जा पाएसँगै जग्गा आफ्नो नाममा कानुनी रूपमा कायम भएको अनुभूति भएको उनीहरूको भनाइ छ।

गाउँब्लक जग्गाको प्रमाणपुर्जा वितरणले स्थानीयको सम्पत्तिमाथिको अधिकारलाई औपचारिक र कानुनी मान्यता प्रदान गर्नुका साथै वर्षौंदेखिको जग्गासम्बन्धी समस्या समाधानतर्फ महत्वपूर्ण कदमका रूपमा लिइएको छ।



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# चुनौतीमै क्षमता देखाउने

नेपाली अत्यन्त विषम परिस्थितिको सामना गर्नु परिरहेको छ । भदौ १० गतेको प्रलयले नेपालको सबै क्षेत्रलाई नराम्ररी प्रभावित बनाएको छ । देशमा जलविद्युत उत्पादन गृहहरु अवरुद्ध भएका छन् । देशको महत्वपूर्ण राजमार्गहरु अवरुद्ध भएका छन् । कयौं पुलहरु बगेका छन् । कयौं वस्ती बगेका छन् । हजारौं मानिस अझै सम्पर्कविहीन छन् । एक हजार बढी मृतकको शव फेला परेको छ । अझैं केही विद्युत उत्पादन गृहमा फसेका मानिसहरुको उद्धार हुन सकेको छैन । सम्पूर्ण देसवाशी चिन्तामा छन् । बाढी प्रभावित क्षेत्रका वासिन्दाहरुलाई सरकारले सक्दो प्रयास गरेर पनि राहत सामग्री पुऱ्याउन सकिरहेको छैन । सम्पर्कविहीन रहेका नागरिकको आफन्तलाई सरकारले भरोसा बाहेक केही दिन सक्ने अवस्थामा छैन । विदेशी नागरिकह रुपनि हराइरहेका छन् । देश र विदेशबाट विज्ञहरु उद्धारमा खटेका छन् । २० हजार भन्दा बढी सुरक्षाकर्मीहरु अत्यन्त जोखिमपूर्ण स्थानहरुमा खोजी र उद्धारमा सक्रिय छन् । राहत सामग्री पुऱ्याउने कार्य पनि जारी छ । नेपालमा यस्तो प्रलयकाली बाढीको कल्पना समेत गरिएको थिएन । दिनमै आएको बाढीले निम्त्याएको विनासबाटमूक्त हुन वर्षौं लाग्ने देखिन्छ । राति आइदिएको भए झन् बढी क्षति हुने थियो । बाढी प्रभावित क्षेत्रमा राज्यको सबै निकाय परिचालित छ । तर सरकारका सामु खोजी, उद्धार, राहत उपलब्ध गराउने, पूर्निर्माण गर्ने लगायतका ठूलो चुनौती छ । सरकारले आफ्नो तर्फबाट सम्पूर्ण ताकत लगाएको छ । तर पीडित परिवारका सदस्यहरु त्यसबाट सन्तुष्ट हुने अवस्था पनि छैन । पीडित परिवारलाई परिणाममुखी कामको अपेक्षा छ । अस्पताल र अन्य सुचना केन्द्रहरुमा पुग्ने परिजनहरुले आफन्तको अवस्थाको यथार्थ जान्न चाहन्छन् । तर सरकारले त्यो भन्न सक्ने अवस्था छैन । देशमा बालेन्द्र साह नेतृत्वको सरकारले अत्यन्त विषम परिस्थितिमा पनि नागरिकको आशा र भरोसालाई कायम राख्न सक्नुपर्छ । सरकारको नेतृत्व सम्हालेको केही महिनामै आईपरेको विपद्बाट नेपालीलाई उठाउँदै सरकारले हरसम्भव सहायता र सहकार्यको प्रण गरेर अगाडि बढ्नुपर्छ । नेपालमा आएको भीषण बाढीको ताण्डवले जनधनको अपूरणीय क्षति गरेको छ । सरकारले अब नेपालीलाई विश्वासमा लिएर अगाडि बढ्नुपर्छ । सरकारले हाल अन्य सबै कार्यहरुलाई थाँती राखेर खोजी, उद्धार र राहत वितरणमा नै केन्द्रित हुनुपर्छ । कारबाही, नियुक्ति, विकास लगायतका कार्यहरु दुई महिनापछि धकेलिए पनि धेरै क्षति हुने छैन । तर बाढी प्रभावित क्षेत्रमा राहत सामग्री नपाएर एकजनाको पनि ज्यान गए त्यो सर्वाधिक ठूलो क्षति हुनेछ । त्यसकारण सरकारले वर्तमान चुनौतीलाई सामना गर्न सक्नुपर्छ । भण्डारण स्थलमा राखिएका अन्न लगायतका राहत सामग्रीहरु जुनसुकै माध्यमबाट भए पनि पीडितहरु सम्म पुग्नुपर्छ । सरकारले चुनौतीको डटेर सामना गर्नुपर्छ ।

## हिमाली सुनामीको पाठ :

# सुरक्षा नीतिमा समेट्नुपर्छ अब हिमनदी विज्ञान



● गोविन्द पोखरेल

रसुवामा गत भदौ १० गते आएको आकस्मिक बाढीले नेपालमा ठूलो विनाश निम्त्याएको छ । बाढीले मानवीय एवं भौतिक रूपमा निकै नै क्षति पुऱ्याएको छ ।

राज्यले आफ्नो सबै शक्ति खोज तथा उद्धारमा लगाएको छ । योबीचमा बाढीको वैज्ञानिक कारणबारे विभिन्न कोणबाट विश्लेषहरू बाहिर आएका छन् ।

सुरुवाती समयमा कुनै हिमताल वा हिमनदीमाथिको पोखरी फुटेर बाढी आएको अनुमान गरिएको थियो । तर स्याटेलाइट तस्बिरहरूको अध्ययनले बाढीको मुख्य कारण लाङटाङ लिरुङ हिमालको उत्तरी भेगबाट खसेको विशाल हिमपहिरो भएको स्पष्ट भएको छ ।

उक्त हिमाश्रंखलाको करिब ५ हजार २ सय मिटरको उचाइमा वर्षौंदेखि जमेर बसेको ग्लेसियर र चट्टानको विशाल ढिस्को भत्किएर तल खोसेको थियो । उक्त स्थानको तापक्रम सधैं शून्यभन्दा धेरै तल हुन्छ ।

उक्त उचाइबाट खस्न सुरू गरेको त्यो पिण्ड ३८०० मिटरको उचाइको ग्लेसियर हुँदै करिब २ ९०० मिटरको ल्हेन्दे खोलामा बज्रिएको नेपाली अनुसन्धानकर्ताहरूले बताएका छन् । यो भनेको फेदीदेखि टुप्पासम्मको काठमाडौंको चन्द्रागिरी डाँडा जत्रैको सिधा ठाडो खसाइ हो ।

यसरी खस्दा करिब ५.१९ वर्ग किलोमिटरको क्षेत्र उप्किएर १४ करोड २० लाख घनमिटरभन्दा बढी हिंउ चट्टान र लेदो विस्थापित भयो । ५.१९ वर्ग किलोमिटर क्षेत्र भनेको टुँडिखेलभन्दा झन्डै २० गुणा ठूलो सतह हो । १४ करोड २० लाख घनमिटरको परमाण भनेको फेवातालमा रहेको पुरै पानीभन्दा ३ गुणाभन्दा बढीको आयतन हो । अर्थात् दशरथ रंगशालामा १४० भन्दा बढी पटक भर्न मिल्ने लेदोको आयतन हो ।

यसरी खसेको विशाल पिण्ड ल्हेन्दे खोलामा बजारिँदा नदीको बहाव केही मिनेटका लागि थुनिएर अस्थायी बाँध बन्यो । पानी र लेदोको अत्याधिक चापका कारण केही बेरमै बाँध फुट्यो । बाँध फुट्दा निस्किएको त्यो लेदो साँघुरा खोँच हुँदै ५४ किलोमिटर प्रतिघण्टाको गतिमा तल झरेर भोटेकोसी त्रिशुली नदीमा मिसियो ।

पहाडी खोंचमा गाडी कुद्ने रफ्तारमा बगेको यो बाढी स्याफ्रूबेंसी पुग्दा यसको बहाव प्रतिसेकेन्ड २३ हजार घनमिटरसम्म पुगेको थियो । यो नेपालको ठूला नदीहरुको औसत बहावभन्दा निकै गुणाले बढी हो । बाढीको यो वेग यति तीव्र थियो कि ३० मिनेटमै यसले गल्छीमा ३ तले घर नै डुबाउने गरी जलसतह ह्वात्तै बढ्यो । यो घटनालाई लिएर विभिन्न कोणहरूबाट विश्लेषण भइरहेका छन् । हालसम्म प्राप्त वैज्ञानिक तथ्य माथि उल्लेखित भइसकेका छन् । हामीले देख्दै र भन्दै आएको परम्परागत रूपको बाढी पहिरोभन्दा पनि विल्कुलै फरक किसिमले भोटेकोशी घट्ना भयो । वातावरण अध्येता उत्तमबाबु श्रेष्ठले यो घटनालाई लिएर दोस्रो विश्वयुद्धमा जापानामा खसालिएको आणविक बमबाट निस्कने ऊर्जासँग दाँज्दै यो विपद्मा उत्पन्न ऊर्जा त्योभन्दा तीन गुणा बढी रहेको उल्लेख गर्नुभएको छ । पंक्तिकार कुनै भौतिकशास्त्री त होइन तर भौतिकशास्त्रीय दृष्टिकोणबाट हेर्दा यो घटना अनलाइनखबरले उल्लेख गरे जस्तै 'हिमाली सुनामी' नै थियो । वा भनौं नेपालको उच्च हिमाली क्षेत्रमा भएको एक विशाल ऊर्जाको विसर्जन । उक्त भयानक ऊर्जा बोकेको पिण्ड प्रतिण्टा १८८ किलोमिटरको गतिमा तल खस्दा उत्पन्न हुने विध्वंश हाम्रो सामान्य कल्पनाभन्दा निकै बाहिरको विषय हो । बाढी सुरू भएको केही मिनेटको अन्तरालमै चीनसँगको मुख्य अन्तर्राष्ट्रिय नाका, मितेरी पुल र रसुवागढी भन्सार क्षणभरमै ध्वस्त भए । सरकारले २.८ अर्ब रुपैयाँ खर्चेर निर्माण गरेको सुख्खा बन्दरगाह, राष्ट्रिय ग्रिडको करिब १० प्रतिशत हिस्सा ओगट्ने ४४० मेगावाट क्षमताको जलविद्युत आयोजनाहरू र नुवाकोटको २५ मेगाघाटको सोला प्लानलसमेत लेदोमुनि परिएर एकै चिहान बने । सयौं नागरिक, सीमामा कार्यरत कर्मचारी र मजदुरहरू बेपत्ता भए । कुनै बाह्य सैन्य आक्रमण, मिसाइल वा बम प्रहारबिना नै हाम्रो देशको प्रमुख आर्थिक लाइफलाइन केही मिनेटमै ठप्प भयो । त्यसैले यो विपद्लाई अब उद्धार, राहत र पुर्नस्थापनाको परम्परागत दायराबाट मात्रै नभई रणनीतिक लेन्सबाट पनि हेर्नुपर्ने भएको छ । यो घटनाबाट पाठ सिक्दै हामीले हिमनदी विज्ञान अर्थात 'क्रायोस्फेयर साइन्स'लाई नेपालको राष्ट्रिय सुरक्षा नीतिको मूलधारमा अनिवार्य रूपमा समाहित गर्न ढिलाइ गर्नु हुँदैन । हाम्रो देशको भौगर्भिक अवस्था आफैँमा अत्यन्तै जटिल, संवेदनशील र भग्नावशेषयुक्त



*Ai Generated Image.*

छ । हाम्रो भौगोलिक अवस्थिति नै हिमालय क्षेत्रमा छ । विश्वको कान्छो पहाडी श्रंखलाको रूपमा हिमालयलाई लिइन्छ । यहाँ प्राकृतिक रूपमा नै नियमित बाढी पहिरो गइरहन्छन् ।

२०७२ सालको विनाशकारी भूकम्पले हाम्रा पहाडहरू भित्री रूपमा थिलथिलो बनाइदिएको छ । अर्कोतर्फ हामी आफैँले पनि हाम्रा पहाडहरू खोस्रिएर विपद् निम्त्याइरहेका छौं । जलवायु परिवर्तनको मारमा हिमालय क्षेत्र सबैभन्दा बढी प्रभावित छ । तल तराईमा हरेक वर्ष हुने डुबान र बाढीको बितण्डा पनि उस्तै छ । नेपालका उच्च हिमाली क्षेत्रमा २ हजारभन्दा बढी हिमातालहरू छन् । तीमध्ये २१ वटा हिमतालहरू विस्फोटको उच्च जोखिममा रहेको ईसिमोडको अध्ययनले देखाएको छ । सीमापारिको जोखिम हेर्ने हो तिब्बततर्फ रहेका ४६ र भारततर्फको १ गरी ४७ वटा हिमतालहरू जुनसुकै बेला फुट्न सक्ने उच्च जोखिमयुक्त सूचीमा छन् ।

भूकम्पले खुकुलो बनाएको जमिन र जलवायु परिवर्तनका कारण बढ्दो तापमानले उच्च हिमाली क्षेत्रका पर्माफ्रोस्टहरू तीव्र गतिमा पग्लिँदैछन् । पर्माफ्रोस्टहरू वर्षौंदेखि जमेर बसेको बरफ र चट्टानको तह हो । पर्माफ्रोस्ट पग्लिँदा सिंगो पहाडहरू खस्ने जोखिम बढेको छ । यस्ता बहुप्रकोपीय संयोजनले हाम्रो भूगोललाई संसारकै सबैभन्दा जोखिमपूर्ण बनाइदिएको छ ।

ऐतिहासिक रूपमा राज्यले राष्ट्रिय सुरक्षालाई सिमानामा सुरक्षानिकायको उपस्थिति, हतियार, बाह्य सैन्य हस्तक्षेप, कूटनीति र आन्तरिक द्वन्द्वको दायरामा मात्र सीमित राख्ने गरेको पाइन्छ ।

हुन त नेपालको 'राष्ट्रिय सुरक्षा नीति' ले वातावरणीय संकट र विपद्लाई गैर-परम्परागत सुरक्षा चुनौती का रूपमा सिद्धान्ततः स्वीकार गरेको देखिन्छ । तर त्यो बुझाइ अझै पनि सुरक्षा परिषद्को रणनीतिक योजनाभन्दा बाहिर गृह मन्त्रालयको राहत-उद्धार वा वन मन्त्रालयको नियमित कार्यशालामै सीमित देखिन्छ । संसारको तेस्रो ध्रुवको रूपमा चिनिने हिन्दुकुश हिमालय क्षेत्रमा हाम्रा ऊर्जा, औद्योगिक उत्पादन, सडक सञ्जाल, अन्तर्राष्ट्रिय व्यापार र नागरिकको जीवन यिनै संवेदनशील हिमाली गल्छीहरूमा छन् । तसर्थ, हिमाली क्षेत्रका भौगर्भिक अस्थिरता हाम्रो देशको सार्वभौम अस्तित्व र अर्थतन्त्रको सुरक्षासँग जोडिन्छ । र, जोडिनै पर्छ । यो विपद्ले हाम्रो देशको कुल गार्हस्थ्य उत्पादनको ठूलो हिस्सामा प्रत्यक्ष धक्का पुऱ्याएको छ । करिब २.३ प्रतिशतको न्यून आर्थिक वृद्धिमा खुम्चिएको हाम्रो अर्थतन्त्रलाई यस्ता विपद्ले एकै झट्कामा उल्टाइदिन्छन् ।

विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नेपालको योगदान ०.१ प्रतिशतभन्दा पनि नगण्य छ । तर विकासित औद्योगिक मुलुकहरूको प्रदूषणको मूल्य हामीले चुकाउनुपरेको छ । यस्ता विपद्पछिको पुनर्निर्माणका लागि राज्यले विकास बजेट कटौती गर्नुपर्ने र थप ऋणको भार बोक्नुपर्ने बाध्यतात्मक अवस्था सिर्जना भएको छ ।

त्यसैले यो संकट अब वातावरणीय क्षतिको विषय मात्रै नभएर हाम्रो देशको राष्ट्रिय आर्थिक सुरक्षामाथिको प्रहार बनिसक्यो । विपद् आउनासाथ सबैभन्दा पहिले जोखिम मोलेर अग्रपंक्तिमा खटिने हाम्रा तीनवटै सुरक्षा निकायहरू हुन् । सीमित स्रोतसाधन र प्रतिकूल मौसमका बाबजुद सुरक्षाकर्मीहरूले देखाउने अदम्य साहस, खोजी तथा उद्धार कार्य राष्ट्रकै लागि गौरवको विषय हो ।

तर, राज्यले गम्भीर भएर सोच्नुपर्ने अर्को पक्ष पनि छ । हाम्रा सुरक्षा निकायहरूलाई केवल घटना घटिसकेपछिको उद्धारमा मात्र खटाएर हामी कहिलेसम्म ढुक्क हुने ? १८८ किमी प्रतिघण्टाको वेगमा आउने र आणविक ऊर्जा बराबरको विध्वंश बोकेको हिमाली लेदोबाट बच्न खोला किनारमा बज्ने साइरनले कसैलाई पनि पर्याप्त समय दिँदैन । सुरक्षा निकायलाई कुटो, कोदालो र डोरीसँगै वैज्ञानिक दृष्टि र पूर्व अनुमान प्रविधिले सुसज्जित बनाउनु राज्यको दायित्व हुन आउँछ । विश्वका धेरै देशहरूले क्रायोस्फेयरलाई राष्ट्रिय सुरक्षा नीतिमा एकीकृत गरिसकेका छन् । जस्तो कि स्विट्जरल्याण्डको फेडेरल डिपार्टमेन्ट अफ डिफेन्स, सिभिल प्रोटेक्सन एन्ड स्पोर्ट (डीडीपीएस) मातहतको स्वीस आर्म फोर्स र फेडरल अफिस फर सिभिल प्रोटेक्सन (एफओसीपी)ले आल्प्स पर्वतका हिमनदी र पर्माफ्रोस्टको अध्ययनलाई रणनीतिक जोखिमको अंग बनाउँदै राष्ट्रिय सुरक्षा रणनीतिमा जोडेको छ । स्वीस सेनाको इन्जिनियरिङ कमाण्डले वैज्ञानिकहरूसँग मिलेर स्याटेलाइट राडारमार्फत उच्च हिमाली पूर्वाधारको निरन्तर निगरानी गर्छ ।

छिमेकी भारतले पनि रक्षा मन्त्रालय मातहत नयाँ निकाय स्थापना गर्नुको सट्टा आफ्ना पुराना र स्थापित प्रयोगशालाहरू 'स्नो एण्ड एभलान्च स्टडी इस्टाब्लिसमेन्ट' र 'डिफेन्स टेरेन रिसर्च ल्याबोरेटरी' लाई एकीकृत गर्दै डिफेन्स जियोइन्फर्मेटिक्स रिसर्च इस्टाब्लिसमेन्ट (डीजीआरई) को रूपमा पुनर्गठन गऱ्यो । यस एकीकृत संस्थामार्फत भारतले अहिले सीमावर्ती हिमाली क्षेत्रमा हिउँ पहिरो, भूबनोट र हिमतालको निगरानीलाई प्रत्यक्ष सैन्य रक्षा रणनीतिसँग जोडेको छ । पाकिस्तानले त्यहाँको अन्तरिक्ष हेर्ने संस्थाले गर्छ ।

मनसुनको समय लाग्ने बाक्लो बादलले सामान्य क्यामेरा भएका स्याटेलाइटले जमिन देख्न कठिनाई हुन्छ । तर राडार सेन्सरले बादल छेडेर जमिनमा हुने सामान्य विचलन पनि नाप्न सकिन्छ । यो प्रविधि खुला र वैज्ञानिक रूपमा उपलब्ध छ । यदि राज्यले आफ्ना सुरक्षा र अनुसन्धान निकायलाई यो प्रविधि र डाटा विश्लेषण गर्ने क्षमता दियो भने कुन पहाड वा जोखिमयुक्त हिमताल कति बेला खस्दैछ भन्ने कुरा धेरै दिन अगाडि नै पत्ता लगाउन सकिन्छ । राज्यका संयन्त्रहरूलाई वैज्ञानिक रूपमा सुदृढ बनाउन र सरकारलाई नीतिगत रूपमा सहयोग पुऱ्याउन केही ठोस कदमहरू चाल्न अब जरुरी छ । नेपालको राष्ट्रिय सुरक्षा परिषद्मा क्रायोस्फियर तथा बहुप्रकोपीय जोखिम सुरक्षा डेस्क स्थापना गरी जल तथा भूगर्भविद्, हिमनदी वैज्ञानिक, जियोस्पासियल र तथ्यांक विश्लेषकहरूको स्थायी रणनीतिक संयन्त्र बनाउनुपर्ने देखिन्छ । नेपाली सेना र सशस्त्र प्रहरी बलका विपद् व्यवस्थापन संयन्त्रलाई इनसार, लिडार र स्याटेलाइट राडार डाटा विश्लेषण गर्ने 'जियो-स्पेसियल इन्टेलिजेन्स' क्षमताबाट सुसज्जित गराउनुपर्ने हुन्छ । जलविद्युत र रणनीतिक पूर्वाधार निर्माण गर्दा नदीको जलसतह मात्र हेर्ने पुरानो विधि बदलेर सिंगो जलाधारको पेर्माफ्रोस्ट सुरक्षा अडिट र भूकम्पीय जोखिम आँकलन अनिवार्य गरिनुपर्ने देखिन्छ । नेपाल र चीन दुवैतर्फ रियल टाइम स्याटेलाइट तथा हाइड्रो मेट डाटा आदनप्रदानलाई अनिवार्य रूपमा द्विपक्षीय सुरक्षा प्रोटोकल बनाउन पहल गर्न जरुरी छ । जोखिममा रहेका हिमताल र कमजोर भूगोलले हाम्रो अस्तित्वलाई निरन्तर रूपमा चुनौती दिइरहेका छन् । हिमनदी विज्ञान लाई विश्वविद्यालयका अनुसन्धान र कोठाबाट निकालेर नेपालको राष्ट्रिय सुरक्षाको पहिलो रक्षापंक्ति बनाउन सकिए हामी विपद् उत्थानशील भविष्य निर्माण गर्न सक्छौं । यो लेख अनलाइनखबरडटकमबाट साभार गरिएको छ ।

# जिम्मेवारी लिने कि बाटो लाग्ने ?



● बुद्धिसागर मरासिनी

विपद्का बेला सरकारको वास्तविक परीक्षा हुन्छ । चुनाव जित्दा, भाषण गर्दा वा सिंहदरबारबाट आदेश जारी गर्दा सरकारको क्षमता प्रमाणित हुँदैन । वास्तविक क्षमता त्यतिबेला देखिन्छ, जब नागरिक मृत्युको मुखमा हुन्छन्, र राज्यसँग उनीहरूको जीवन बचाउन केही घण्टा, केही मिनेट वा कहिलेकाहीँ केही सेकेन्ड मात्र बाँकी हुन्छ ।

रसुवा र नुवाकोट क्षेत्रमा आएको विनाशकारी बाढी र त्यसपछि सुरुङभित्र फसेका कर्मचारी तथा कामदारहरूको घटनाले नेपाल सरकारको विपद् व्यवस्थापन क्षमता कति कमजोर, अव्यवस्थित र निर्णयविहीन रहेछ भन्ने नांगो रूपमा देखाइदिएको छ । बाढी गएको सातौं दिनमा आएर सरकारले आयोजना प्रवर्द्धकलाई 'हामीले सुरुङबाट उद्धार गर्न सकेनौं, अब आफैं गर' भन्नु कुनै सामान्य प्रशासनिक कमजोरी होइन । यो राज्यको असफलताको सार्वजनिक स्वीकारोक्ति हो । तर, प्रश्न के हो भने- सात दिनसम्म के हेरेर बसेको ?

अन्ततः आयोजना आफैंले उद्धार गर्नुपर्ने थियो भने राज्यले सात दिनसम्म किन नियन्त्रण आफ्नो हातमा राख्यो ? यदि सरकारसँग सुरुङभित्र उद्धार गर्ने क्षमता थिएन भने त्यो कुरा पहिलो दिनमै किन स्वीकार गरिएन ? यदि उपलब्ध सुरक्षा निकाय, उपकरण र प्राविधिक क्षमता पर्याप्त थिएन भने तत्कालै विशेषज्ञ सहयोग किन मागिएन ?

सुरुङभित्र फसेको मानिसले सरकारको बैठक पर्खन सक्दैन । बाढीले मन्त्रीको निर्णय कुर्दैन । पानीले प्रशासनिक प्रक्रिया पूरा हुन पर्खँदैन । विपद्मा हरेक सेकेन्ड महत्वपूर्ण हुन्छ । राज्यले त्यही सेकेन्ड गुमायो भने त्यो केवल कमजोरी होइन, अपराध नै हो ।

सरकारले सुरुमा अपनाएको 'वान डोर' अर्थात् केन्द्रबाट नियन्त्रण गर्ने नीति सिद्धान्ततः गलत नहुन सक्छ । ठूलो विपद्मा सबै निकायहरूलाई एउटै समन्वयमा राख्नु आवश्यक पनि हुन्छ । तर, कुनै नीति सुरुमा ठीक हुनु र अन्तिमसम्म त्यसैलाई घिसारिरहनु दुई फरक कुरा हुन् । परिस्थितिले नीति परिवर्तन गर्न माग गरिरहेको थियो भने सरकारसँग त्यसका लागि बुद्धि र साहस हुनुपर्थ्यो ।

सबैभन्दा ठूलो कुरा शासनसत्तामा रहेकाहरूले सबैभन्दा पहिले आफ्नो क्षमता मूल्यांकन गर्नुपर्थ्यो । हामीसँग के छ ? हामीले के गर्न सक्छौं ? के गर्न सक्दैनौं । हामीलाई कुन विशेषज्ञता चाहिएको छ ? आदि, इत्यादि । तर, हाम्रो राज्यको सबैभन्दा ठूलो समस्या यही देखियो- जो आए पनि आफ्नो कमजोरी स्वीकार गर्न कसैले सकेनन् ।

मन्त्रीहरूलाई आफ्नो मन्त्रालयको शक्ति थाहा हुन्छ कि हुँदैन ? सरकारलाई आफ्नो सुरक्षा संयन्त्रको वास्तविक क्षमता थाहा हुन्छ कि हुँदैन ? कुन प्रकारको उद्धार हामी आफैं गर्न सक्छौं, र कुन अवस्थामा बाह्य विशेषज्ञता आवश्यक पर्छ भन्ने सामान्य मूल्यांकन गर्ने क्षमता पनि राज्यसँग छैन भने हामीले कस्तो सरकार बनाएका छौं ? कस्तालाई नेतृत्वमा पुऱ्याएका छौं ?

नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीले कठिन परिस्थितिमा पनि असाधारण काम गरेका छन् । उनीहरूको योगदानको सराहना गर्नेपर्छ । प्रश्न उनीहरूलाई परिचालन गर्ने राजनीतिक नेतृत्वमाथि हो । एउटा सुरक्षाकर्मीलाई उसको तालिम, उपकरण र विशेषज्ञताभन्दा बाहिरको काममा पठाएर 'जाऊ, जे गरेर हुन्छ उद्धार गर' भन्नु नेतृत्व होइन । त्यो गैरजिम्मेदारीको पराकाष्ठा हो ।

सुरुङ उद्धार सामान्य उद्धार होइन । बाढी, अन्धकार, सीमित प्रवेशद्वार, पानीको बहाव, संरचनात्मक जोखिम र अज्ञात अवस्थाभित्र काम गर्नु विशेष विशेषज्ञता र उपकरणको विषय हो । यस्तो अवस्थामा पहिलो दिनमै सरकारले अन्तर ाष्ट्रिय सहयोगको ढोका खोल्नुपर्थ्यो । विशेषगरी चीनलाई गुहार्नुपर्थ्यो । नेपालकै जस्तो कठिन हिमाली भूगोलमा विशाल पूर्वाधार, सुरुङ र जलविद्युत् आयोजनामा काम गरेको अनुभव चीनसँग छ । नेपालमा समेत यस्ता आयोजनामा चिनियाँ प्राविधिक र कम्पनीहरू लामो समयदेखि काम गरिरहेका छन् । त्यसैले यस्तो जटिल सुरुङ उद्धारमा चिनियाँ विशेषज्ञ टोलीलाई पहिलो प्राथमिकतामा राखेर तत्काल सहयोग माग्नु स्वाभाविक थियो ।

आवश्यक पर्दा छिमेकी वा मित्र राष्ट्रसँग सहयोग माग्नु राष्ट्रिय कमजोरी होइन । समयमै सहयोग नमाग्नु राष्ट्रिय कमजोरी हो । तर, हामीकहाँ अझै एउटा खतरनाक मानसिकता छ- पहिले आफैँले सबै गर्न खोज्ने, आफ्नो क्षमता नपुग्दा पनि स्वीकार नगर्ने र अन्ततः समय सकिएपछि 'अब अरुले गर' भन्ने । यो आत्मनिर्भरता होइन, अहंकार हो । र, विपद्को समयमा यस्तो अहंकार मानिसको जीवनभन्दा महँगो पर्छ ।

चीन मात्र होइन, भारत र अन्य मित्रराष्ट्र तथा अन्तर ाष्ट्रिय उद्धार संस्थासँग पनि तत्काल आवश्यक सहयोग मागिनुपर्थ्यो । नेपालले स्पष्ट रूपमा भन्नुपर्थ्यो- हामीलाई यस्तो विशेषज्ञ टोली चाहिएको छ, यस्तो उपकरण र यस्तो प्राविधिक सहयोग चाहिएको छ । हेलिकोप्टर, सुरुङ उद्धार उपकरण, खोज तथा उद्धार विशेषज्ञ, मेडिकल टोली जे-जे हुन्छ स्वीकार्नुपर्थ्यो । विपद्का बेला सहयोग स्वीकार्नु कमजोरी होइन, गुहार मागिरहेका आफ्ना नागरिक बचाउन नसक्नु लज्जास्पद विषय हो ।

त्यस्तै, विपद्मा केवल जीवित मानिसको उद्धार मात्र राज्यको जिम्मेवारी होइन । दुर्भाग्यवश मृत्यु हुनेहरूको शव व्यवस्थापन पनि उत्तिकै संवेदनशील र महत्त्वपूर्ण जिम्मेवारी हो । शव खोज्ने, निकाल्ने, सुरक्षित राख्ने, पहिचान गर्ने, अभिलेख राख्ने र परिवारलाई सम्मानपूर्वक हस्तान्तरण गर्ने तयारी पनि राज्यसँग हुनुपर्छ । ठूलो विपद्मा शव राख्न आवश्यक पर्ने कोल्ड स्टोरेज तथा अन्य उपकरणको आवश्यकता पर्न सक्छ । आवश्यकताअनुसार छिमेकी भारत वा अन्य देशबाट आवश्यक फ्रिजिङ तथा व्यवस्थापन उपकरण तत्काल ल्याउने व्यवस्था गर्नुपर्थ्यो । विपद् आइसकेपछि शव कहाँ राख्ने भनेर सोच्नु भनेको राज्यको तयारी कति कमजोर छ भन्ने प्रमाण हो । तर, यो घटनाको सबैभन्दा ठूलो संरचनात्मक असफलता एउटै छ- नेपालसँग वास्तविक अर्थमा एकीकृत, स्पष्ट र युद्धस्तरमा काम गर्ने विपद् कमान्ड प्रणालीको अभाव देखियो ।

ठूलो विपद्मा राहत व्यवस्थापन, खोज तथा उद्धार र शव खोज तथा व्यवस्थापनलाई तीनवटा छुट्टाछुट्टै परिचालन विङका रूपमा विभाजन गरेर एकैसाथ सञ्चालन गर्नुपर्ने हुन्छ ।

पहिलो- राहत, खाद्य तथा आश्रय विङ । यसको जिम्मेवारी बाढी, पहिरो वा अन्य विपद्बाट ज्यान जोगाएर सुरक्षित स्थानमा पुगेका तर घरबार गुमाएका, विस्थापित भएका वा राहतको आवश्यकता भएका मानिसको व्यवस्थापन गर्नु हो । यो विङले तत्काल खाना, पिउने पानी, लुगा, ब्ल्याङ्केट, अस्थायी आश्रय, सरसफाइका सामग्री तथा अन्य अत्यावश्यक वस्तुको व्यवस्था गर्नुपर्थ्यो । उद्धार टोली मानिस बचाउन व्यस्त भइरहेका बेला बाँचेकाहरू भोकै, खुला आकाशमुनि र असुरक्षित अवस्थामा बस्न नपरोस् भन्ने जिम्मेवारी यही विङको हो ।

दोस्रो- खोज, उद्धार तथा चिकित्सा विङ । यसको एउटै प्राथमिकता मानिसको जीवन बचाउनु हो । प्रभावितहरूको खोजी, घाइतेको प्राथमिक उपचार, गम्भीर अवस्थाका व्यक्तिलाई सुरक्षित स्थान वा अस्पतालसम्म पुऱ्याउने काम यही टोलीको मुख्य जिम्मेवारी हो । यसको जनशक्ति राहत बाँड्न वा अन्य प्रशासनिक काममा अल्झिनु होइन । यसको सम्पूर्ण ध्यान एउटा मात्र काममा केन्द्रित हुने हो, जति सकिन्छ, त्यति धेरै जीवन बचाउने ।

तेस्रो- शव व्यवस्थापन विङ । यो पनि विपद् व्यवस्थापनको अत्यन्त संवेदनशील तर आवश्यक पक्ष हो । मृत्यु भएकाहरूको शव खोज्ने, सुरक्षित रूपमा निकाल्ने, पहिचान गर्ने, आवश्यक अभिलेख राख्ने, सुरक्षित रूपमा राख्ने र परिवारसँग समन्वय गरेर सम्मानपूर्वक हस्तान्तरण गर्ने जिम्मेवारी यही विङको हो । यो लेख शिलापत्रडटकमबाट साभार गरिएको छ ।

## प्रम सम्बोधनको पूर्ण पाठ :

# ‘जलवायु परिवर्तनसँगै हिमालय क्षेत्रमा जोखिम बढ्दै गएको छ’

काठमाण्डु । प्रधानमन्त्री वालेन्द्र शाहले जलवायु परिवर्तनसँगै हिमालय क्षेत्रमा जोखिम बढ्दै गएको बताउनुभएको छ । प्रतिनिधिसभाको आजको बैठकलाई सम्बोधन गर्दै उहाँले विज्ञहरूले रसुवाको भोटेकोशी नदीमा यही भदौ १० गते गएको बाढी हिमालय क्षेत्रमा हिउँ चट्टानको हिमपहिरोबाट सृजित यस क्षेत्रकै ठूलो विपत्ति भएको बताउनुभयो ।

उहाँले यस घट्नाबाट सबै सचेत हुनुपर्ने र सँगसँगै जलवायु परिवर्तनका कारण भोग्नुपरेको विपद्बारे अन्तरराष्ट्रिय समुदाय समक्ष बलियो गरी प्रस्तुत गर्नुपर्ने बेला आएको बताउनुभयो ।

**प्रधानमन्त्री शाहको सम्बोधनको पूर्ण पाठ यसप्रकार छ :**

*सम्माननीय सभामुखज्यू,*

आज म विशेष जिम्मेवारीसहित यस गरिमामय सार्वभौम संसद्को रोस्ट्रममा उभिएको छु ।

आफ्ना सपनाहरू बुनिरहनु भएका नानीबाबुहरू, हाँसो-खुसीका साथ बसिरहनु भएका आमाबुबा, दाजुभाइ र दिदीबहिनीहरूलाई भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको भिषण बाढीले क्षणभरमै हामीबाट खोसेर लग्यो ।

यस अकल्पनीय विपत्तिमा परेर ज्यान गुमाउनुहुने सम्पूर्ण मानिसहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । आफ्ना मान्छे गुमाएर गहिरो शोकमा पर्नुभएका परिवारजनप्रति हृदयदेखिनै समवेदना व्यक्त गर्दछु ।

घाइते हुनुभएका सबैको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु । अनि, आफ्ना मान्छे अझै फेला नपरेर बाटो हेरिरहनु भएका नागरिकहरूको पीडा पनि म गहिर ोसँग महसुस गर्न सक्छु ।

यो पीडा रसुवा, नुवाकोट वा धादिङको मात्र होइन, यो सिङ्गो नेपालको छातीमा परेको साझा बज्रपात हो । बाढीमा परेका नागरिकहरूको कारुणिक चीत्कार सुन्दा मेरो छाती चिसो हुन्छ ।

तर, यतिबेला हामीलाई शरीर थकित भयो भनेर विश्राम लिने छुट छैन । मन भक्कानिदा पनि एक-आपसमा बिलौना गर्ने समय झनै छैन । सङ्कटको यो घडीमा देशको नेतृत्वले आँसु होइन, जनतालाई हिम्मत, आड र भरोसा दिनुपर्छ भन्ने यथार्थलाई हामीले स्वीकारेका छौं । त्यसैले दृढ सङ्कल्प र साहसका साथ यो विपत्तिसँग लड्नुको हामीसँग अर्को विकल्प थिएन, र छैन ।

हामी लडिरहेका छौं ।

घटनापछि सरकारले मानिसहरूको जीवन रक्षाका लागि के गर्दै गयौं ? अहिले के गरिहेको छ ? र, अब के गर्नेछ भन्नेबारे जानकारी म सम्मानित सदनलाई गराउँदैछु ।

**मिति २०८३ भदौ १० गते**

बिहान ८:४५ बजे, ठीक त्यो बेला जब म यसै संसद्मा उभिएर यहाँ उठाइने प्रश्नहरूको जवाफ दिने तयारी गर्दै थिएँ, तर सूचना आयो-रसुवाको भोटेकोशीमा भीषण बाढी आयो ।

त्यो खबरसँगै हामी गम्भीर बन्यौं । तत्काले जिल्ला विपद् व्यवस्थापन समितिबाट ब्रिफिङ लियौं र सुरक्षा सतर्कता अपनाउन निर्देशन दियौं । तर मनमा चिसो पस्यो–के हाम्रा मान्छेहरू जोगिन भ्याउनु भयो होला ?

बिहान ९:०० बजे, तटीय क्षेत्रका बस्तीहरूमा सम्बन्धीत जिल्ला प्रशासन कार्यालयहरूमार्फत सुरक्षित स्थानमा जान आग्रह गरियो ।

बिहान ९:१५ बजे, परिस्थितिलाई ध्यान दिंदै राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको आकस्मिक बैठक बोलायौं। प्रभावित क्षेत्रका मानिसहरूलाई कसरी उद्धार गर्ने भन्ने निर्णयहरू भए। बिहान ९:३५ बजे, टेलिकम कम्पनीमार्फत प्रभावित क्षेत्रका नागरिकहरूको मोबाइलमा सतर्कताको सूचना पठायौं ।

बिहान ९:४५ बजे, नेपाली सेनाको हेलिकप्टर उद्धारका लागि उड्यो। त्यो उद्धारका लागि पहिलो हवाई उडान थियो। तुरुन्तै निजी हेलिकप्टरलाई स्ट्याण्डबाई राख्यौं ।

बिहान १०:०० बजे, नेपाली सेनाको मनसुन कमाण्ड पोष्टको आकस्मिक बैठक बस्यो, प्रभावित क्षेत्रमा खोज, उद्धार तथा स्रोत परिचालन गर्ने निर्णय भयो ।

बिहान १०:३० बजे, त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा ‘सर्च एण्ड रेस्क्यु तथा इमरजेन्सी रेस्पोन्स टिम’ तयारी अवस्थामा राख्यौं । काठमाडौंलगायत अन्य जिल्लाबाट नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालबाट सुरक्षाकर्मीहरूलाई खोज, उद्धार, उपचार र राहत कार्यमा परिचालन गरियो ।

बिहान ११:०० बजे, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को बैठक प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बस्यो । सुरक्षा निकायका प्रमुखहरूलाई प्रभावित क्षेत्रमा मानिसहरू सङ्कटमा परेको र जसरी पनि खोज, उद्धार र उपचारलाई प्राथमिकता दिन निर्देशन दियौं । थप हेलिकप्टर र ड्रोन टोली परिचालन गर्नसमेत सम्बन्धित निकायहरूलाई निर्देशन दिएका थियौं ।

दिउँसो १२:३० बजे, मन्त्रिपरिषद्को आकस्मिक बैठक बोलाएर प्रभावित क्षेत्रमा खोज, उद्धार र उपचारलाई तीव्र बनाउने निर्णय गर्यौं ।

साथै, १५ वटा प्रभावित स्थानीय तहलाई तीन महिनाका लागि विपद् सङ्कट ग्रस्त क्षेत्र घोषणा गर्ने, मृतकका परिवारलाई कानुन बमोजिमको आर्थिक सहायता तत्काल उपलब्ध गराउने, घाइते एवं बिचल्लीमा परेका व्यक्तिहरूलाई तत्काल उद्धार गरी सुरक्षित स्थानमा सार्ने, र यस कार्यका लागि नेपाली सेना र निजी क्षेत्रका हेलिकप्टर परिचालन गर्ने निर्णय गरियो ।

साथै, घाइतेको तत्कालै निःशुल्क उपचारको व्यवस्था स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, नेपाली सेना र सरकारी अस्पतालहरूले मिलाउने, घर/निवास गुमाएका व्यक्तिहरूलाई सुरक्षित स्थानमा सारी खाने/बस्ने व्यवस्था मिलाउने, अवरुद्ध हुन पुगेको विद्युत् आपूर्ति, दुरसञ्चार, सडक, खानेपानीलगायत सेवा तत्कालै सञ्चालनको व्यवस्था मिलाउने निर्णय समेत भयो ।

दिउँसो १ बजे, प्रभावित क्षेत्रका सङ्घीय सांसदहरूसँग छलफल गर्यौं । तत्कालै सम्पर्कमा आउनु भएका स्थानीय जनप्रतिनिधिहरूसँग टेलिफोनमार्फत जानकारी लियौं ।






*सम्माननीय सभामुख महोदय,*

तत्कालै नेपाली सेनाको ‘ज्वाइन्ट अपरेसन कमिटी’, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको ‘क्विक एक्सन टिम’ र प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको ‘र्‍यापिड एक्सन टिम’ मार्फत सूचना सङ्कलन, समन्वय र अनुगमन सुरु गर्‍यौं ।

प्रभावित क्षेत्रमा खोजसँगै घाइतेको उद्धार गर्दै काठमाडौं ल्याएर उपचार सुरु गरियो । राष्ट्रिय ट्रमा सेन्टर र वीर अस्पतालमा १०० बेड छुट्यायौं। अन्य सबै ठूला अस्पतालहरूलाई तयारी अवस्थामा राख्यौं ।

सरकारसँगै नेपाल स्काउट, विश्व स्वास्थ्य सङ्गठन, नेपाल रेडक्रसलगायतको सहकार्यमा मेडिकल टिमलाई प्रभावित क्षेत्रमा खटायौं । आपत्कालीन स्वास्थ्य सेवा, औषधि र रगतको अभाव नहोस् भनेर रक्तसञ्चार सेवा केन्द्र, बागमती र गण्डकी प्रदेशका स्वास्थ्य मन्त्रालयहरू, नेपाल रेडक्रस सोसाइटी, लायन्स क्लबलगायतसँग समन्वय सुरु गरियो ।

दिउँसो ३ बजे नै सूचना तथा सञ्चारमन्त्रीको टोली स्थलमार्ग हुँदै बाढी प्रभावित क्षेत्रतर्फ लाग्यो । त्यसयता राज्यका सम्पूर्ण संयन्त्रहरूबाट प्रभावित क्षेत्रको स्थितिबारे निरन्तर ब्रिफिङ लिइरह्यौं, थप आवश्यक निर्णय गर्दै गयौं ।

हर समय हामीले निर्णय कार्यान्वयन गर्दै गयौं ।

रातिः ७:४० बजे, प्रभावित क्षेत्रका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र प्रधानमन्त्री राहत कोषमा सहयोग रकम उपलब्ध गराउन सार्वजनिक आग्रह गरियो ।

हामीलाई प्रभावित क्षेत्रमा खोज, उद्धार र उपचारको मात्रै चिन्ता थिएन, त्यसदिनदेखि घरबारबिहिन हुनु भएकाहरूका लागि सुरक्षित व्यवस्थापन गर्नुपर्ने अर्को जिम्मेवारी थियो । घटना भएको दिन बुधबार मध्यरातमै आठ ट्रक राहत सामग्री प्रभावित क्षेत्रमा पठायौं ।

त्यसैदिन रातिसम्ममा प्रभावित क्षेत्रमा मोबाइल फोन प्रयोगकर्ताका लागि भ्वाइस, डेटा र एसएमएस सेवा निःशुल्क गर्‍यौं ।

**२०८३ भदौ ११ गते**

भोलिपल्ट बिहानै पूर्वाधार विकास मन्त्रीसहितको टोली लिएर म आफैं पनि स्थलमार्ग हुँदै प्रभावित क्षेत्रमा पुगी बस्तुस्थिति बुझेर आएँ ।

प्रभावित क्षेत्रमा बागमती प्रदेशका मुख्यमन्त्री पनि आफ्नो टोलीसहित हुनुहुन्थ्यो ।

प्रभावित क्षेत्रबाट फर्केलगत्तै सोही दिन मन्त्रिपरिषद्का सदस्यहरूसँग आपत्कालीन छलफल गरी आवश्यक निर्णय लिइयो । रसुवा र नुवाकोटका लागि एक/एक करोड रूपैयाँ र धादिङका लागि ५० लाख रूपैयाँ निकासा गर्‍यौं ।

विदेशी नागरिकको खोजी, उद्धार तथा कन्सुलर सहयोगका लागि आपत्कालीन प्रतिकार्य टोली गठन गरियो, प्रभावित जिल्लामा कार्यरत कर्मचारीलाई कार्यस्थल नछाड्न निर्देशन दियौं । खोज, उद्धार, उपचार र राहतलाई थप प्रभावकारी बनाउँदै लग्यौं ।

त्यस दिन, राति ८ बजेसम्म नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालका गरी १३ हजार २९५ सुरक्षाकर्मी प्रभावित क्षेत्रमा परिचालन भइसक्नु भएको थियो । साथै, ६९ उडानमार्फत ३५१ जनाको उद्धार गरिसकिएको थियो ।

उडानका क्रममा गम्भीर घाइते, गर्भवती, सुत्केरी, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएकालाई प्राथमिकता दिइएको थियो । प्रभावित तीन हजार ५०० जनालाई तत्काल बसोबास गराउन त्यस क्षेत्रका विद्यालय तथा सार्वजनिक सामुदायिक भवनमा व्यवस्थापनको तयारी गरियो ।

त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलस्थित राष्ट्रिय आपत्कालीन गोदाम घर, नुवाकोटको बट्टारस्थित नेपाली सेनाको मैथिल ब्यारेक र धादिङको बैरेनी ब्यारेकमा राहत सामग्री पठाएर प्राथमिकताका आधारमा प्रभावित क्षेत्रमा पठाउने व्यवस्था गरियो ।

विपद् व्यवस्थापनमा प्रयोग हुने फिल्ड अस्पताल सेट त्रिशूली पठाइयो । काठमाडौंमा सङ्कलन भएको थप १० ट्रक राहत सामग्री प्रभावित क्षेत्रमा पठाइयो । सोही दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट प्रधानमन्त्री र मन्त्रीहरूको एक महिनाको पारिश्रमिक प्रधानमन्त्री राहत तथा उद्धार कोषमा जम्मा गर्ने निर्णय गरियो ।

प्रभावित क्षेत्रमा खोज, उद्धार, उपचार र राहत वितरणसँगै क्षतिग्रस्त भएका सडकलाई प्रभावित क्षेत्रसँग जोड्ने प्रयास पनि सुरु भयो ।

*सभामुख महोदय,*

अब म यो सम्मानित सदनलाई हालसम्मको स्थिति र सरकारको कामकारवाहीबारे विस्तृत जानकारी गराउन अनुमति माग्छु ।

**खोज तथा उद्धार**

घटना भएलगत्तै हामीले प्रभावित क्षेत्रमा उद्धार कार्य तीव्र पारेका थियौं । केहीबेर अघिसम्म ११ हजार ९९३ जना मानिसहरूको उद्धार गरिसकेका छौं । तर, पनि तीन हजार ९१६ जना सम्पर्कविहिन हुनुहुन्छ । उद्धार गरेर विभिन्न अस्पतालहरूमा भर्ना गरिएका २९२ जना घाइतेमध्ये केहीबेरअघिसम्म १८२ जना डिस्चार्ज भइसक्नुभएको छ ।

बाँकी घाइतेहरूको पनि स्वास्थ्यमा सुधार ल्याउन हाम्रो स्वास्थ्यकर्मी लागिरहेको छ ।

**उपचार तथा राहत**

हामीले काठमाडौंबाट विशेषज्ञसहितको टोली प्रभावित क्षेत्रका नागरिकहरूको उपचारका लागि पनि खटाइरहेका छौं । उपचारसँगै प्रभावित क्षेत्रका नागरिकहरूलाई मनोपरामर्श सेवा पनि उपलब्ध गराइरहेका छौं ।

साथै, प्रभावित क्षेत्रमा कुनै पनि महामारी फैलिन नदिन विभिन्न अभियान चलाइरहेका छौं । प्रभावित क्षेत्रमा रोगको रोकथामका लागि विभिन्न माध्यमहरूबाट सूचना प्रवाह समेत भइरहेको छ ।

‘विपद्-पश्चात् सरुवा रोग निगरानी तथा प्रतिकार्य योजना’ प्रभावकारी रूपमा लागू गर्न प्रदेश तथा स्थानीय तहका स्वास्थ्य अधिकारीहरूलाई आवश्यक तालिम समेत प्रदान गरिएको छ । हाल नुवाकोटका १९ वटा अस्थायी आश्रय स्थलहरूमा दुई हजार ६५३ जना प्रभावित नागरिकहरूले आश्रय तथा राहत प्राप्त गर्नु भएको छ । रसुवाका केही प्रभावित नागरिकहरूलाई पनि नुवाकोटमा आश्रय तथा राहत उपलब्ध गराइरहेको अवस्था छ ।

**आर्थिक सहयोग परिचालन**

नेपाल सरकारले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र प्रधानमन्त्री राहत कोषमार्फत बाढी प्रभावितका लागि आर्थिक सहयोग जुटाइरहेको छ र यसमा सहयोग आउने क्रम बढ्दैछ । केहीबेरअघिसम्म राहत कोषमा सात अर्ब ८८ लाख ५७ हजार २१७ रूपैयाँ जम्मा भएको छ। हिजो मात्रै उक्त कोषबाट राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई एक अर्ब रूपैयाँ निकासा गरिएको थियो । त्यसमध्येबाट छ करोड ७५ लाख रूपैयाँ रसुवा, नुवाकोट, धादिङ, गोरखा र तनहुँका गरी १५ वटा पालिकामा निकास भइसकेको छ । के हिबे र अघिसम्म यो कोषमा छ अर्ब ८८ लाख ५७ हजार २१७ रूपैयाँ मौज्दात रहेको छ भने थप ६१ लाख ४१ हजार ७०२ अमेरिकी डलर जम्मा भएको छ ।

**अन्तर्राष्ट्रिय सद्भाव र सहयोग**

विपद्को यस घडीमा हामीलाई मित्र राष्ट्रहरूबाट टेलिफोन, पत्राचार र सामाजिक सञ्जालमार्फत सद् भावना सन्देश प्राप्त भइरहेको छ । यसले हामीलाई अझै दृढताका साथ यो विपत्तिसँग लड्न बल मिलेको छ ।

बाढी प्रभावित क्षेत्रका लागि अन्तरराष्ट्रिय समुदायले समेत सहयोगका हात बढाउनु भएको छ । हालसम्म भारत, पाकिस्तान, श्रीलङ्का, बङ्गलादेश, चीन, अमेरिका, अष्ट्रेलिया, संयुक्त अरब इमिरेट्स, कतार, स्विट्जरल्यान्ड, सिङ्गापुर, दक्षिण कोरिया, जापान, यूके, लगायत मित्रराष्ट्रहरूले सहयोग गर्नुभएको छ ।

यसैगरी अन्तरराष्ट्रिय विकास साझेदारहरू, एसियाली विकास बैंक, विश्व बैंक, यूरोपेली युनियन र संयुक्त राष्ट्रसङ्घलगायतले पनि सहयोग गरेको अवस्था छ । अझै, कतिपय मित्र राष्ट्र तथा सङ्घसंस्थाहरूले सहयोगको प्रतिबद्धता जनाएका छन् ।

**प्रभावित पूर्वाधार र पुनःस्थापना**

प्रभावित क्षेत्रमा अवरुद्ध भएको सञ्चार सेवा दोस्रो दिनदेखि पुनःस्थापना हुँदै हिजोसम्म ९५ प्रतिशत सेवा पुनःस्थापना भइसकेको छ । सञ्चार सेवाको पहुँचभन्दा बाहिर भएका स्थानहरूमा हाल ३० वटा स्याटेलाइट फोनमार्फत सञ्चार भइरहेको छ ।

बाढीले भोटेकोशी-त्रिशूली करिडोरमा सञ्चालित तथा निर्माणाधीन जलविद्युत् आयोजना र सौर्य परियोजनामा ठूलो क्षति पुर्‍याएको छ । विद्युत् उत्पादन गरिरहेका आठ वटा आयोजना (२८१ मेगावाट) र निर्माणाधीन चार वटा (३८८ मेगावाट) क्षतिग्रस्त भएका छन् । जसमध्ये केही मात्रै मर्मत हुन सक्ने र त्यसका लागि ठूलो लगानी लाग्ने देखिएको छ । बाढीका कारण ४३१.१ मेगावाट विद्युत् उत्पादन अवरुद्ध भएको छ ।

नुवाकोटमा वैकल्पिक प्रसारण व्यवस्थामार्फत ८५ प्रतिशत क्षेत्रमा विद्युत् सेवा पुनः प्रवाह गरिरहेका छौं । धादिङमा ९८ प्रतिशत विद्युत् सेवा पुनःस्थापना भइसकेको छ । रसुवामा ४० प्रतिशत विद्युत् सेवा पुनःस्थापना भइसकेको छ ।

जलविद्युत् आयोजना क्षेत्रमा उद्धार कार्यका लागि भारतीय, चिनियाँ र कोरियन विज्ञ टोली परिचालन भइरहेका छन् । बाढीका कारण गल्छी-वेत्रावती-रसुवागढी सडक र पृथ्वी राजमार्गको गल्छी-मुग्लिङ खण्डको अधिकांश भाग क्षति भएको थियो ।

गल्छी-वेत्रावती-रसुवागढी सडकको बिदुर-वेत्रावती-मैलुङ-स्याफ्रुबेँसी-रसुवागढी खण्डको ४० किलोमिटर पूर्णरूपमा र १६ किलोमिटरमा आंशिक क्षति भएको थियो । साथै, पृथ्वी राजमार्गको कृष्णभीर, परेवाभीरलगायत क्षेत्रमा क्षति पुगेको छ । पृथ्वी राजमार्गको गल्छी, बैरेनी, जरीखेत, पोखरे, मुङ्गे, गलौदी खण्डमा लेदो हटाई यातायात सञ्चालन भइसकेको छ । बाढीका कारण ४८ वटा झोलुङ्गे पुलमा क्षति पुगेको छ । जसमध्ये २० वटा मर्मत गर्न मिल्ने र २८ वटा नयाँ निर्माण गर्नुपर्नेछ ।

प्रभावित क्षेत्रमा ३१ वटा मोटरेबल पुल बगेका छन् । तीमध्ये दुई स्थानमा बेलिब्रिज राख्ने प्रक्रिया सुरु भएको छ । गल्छी-वेत्रावती सडकको गल्छी-देवीघाट खण्डमा लेदो हटाई बेलिब्रिज निर्माणको क्रममा छ । तादी देवीघाटमा बेलिब्रिज राख्ने तयारी भइरहेको छ । बेत्रावतीमा पनि हामीसँग उपलब्ध बेलिब्रिज राख्न सम्भव देखिएकोले काम सुरु भइसकेको छ । थप २० ठाउँमा बेलिब्रिज राख्न सम्भाव्यता अध्ययन भइरहेको छ ।

बाढीका कारण क्षतिग्रस्त मुग्लिन-नारायणगढ सडकको कृष्णभीर खण्ड भदौ महिनाभित्रै मर्मत सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ । अन्य पूर्वाधारको क्षतिको विवरण सङ्कलन भइरहेको छ ।

**शव व्यवस्थापन**

पहिचान हुन नसकेको शव कानून बमोजिम वैज्ञानिक प्रक्रिया पूरा गरी जमिनमुनी सुरक्षितरूपमा व्यवस्थापन गरिरहेका छौं । तर, डिएनए लगायत अन्य पहिचानलाई सहयोग गर्ने आधारहरू सुरक्षित राखिएको छ । यी शव डिएनए म्याचिङ पश्चात सम्बन्धित परिवारलाई हस्तान्तरण गरिनेछ ।

पहिचान हुन सकेका शव परिवार र आफन्तको जिम्मा लगाइरहेको अवस्था छ । केहीबेर अघिसम्म एक हजार ११४ शव फेला परेका छन् । जसमध्ये ९५ शवको सनखात भइ परिवारले बुझेका छन् ।

**जलवायु परिर्वतनको प्रभाव**

अचानक व्यहोरेको यो ठूलो विपद्को क्षति व्यवस्थापनमा अहोरात्र जुट्दै गर्दा हाम्रो मनमा अर्को एउटा गहिरो प्रश्न पनि जन्मिएको छ। त्यो हो-हामीमाँझ कसरी यो विपद् आइलाग्यो ?

विज्ञहरूले रसुवाको भोटेकोशी नदीमा आएको बाढी हिमालय क्षेत्रमा हिउँ चट्टानको हिमपहिरोबाट सृजित यस क्षेत्रकै ठूलो विपत्ति भएको बताएका छन् । यस घटनाले जलवायु परिवर्तनसँगै हिमालय क्षेत्रमा हामीले खेप्नुपर्ने जोखिम बढ्दै गएको गम्भीर संकेत गरेको छ ।

त्यसैले हामी त सचेत त हुनैपर्छ, सँगसँगै हामीले जलवायु परिवर्तनका कारण भोग्नुपरेको विपद्बारे अन्तर ोष्ट्रिय समुदाय समक्ष बलियो गरी प्रस्तुत गर्नुपर्ने बेला आएको छ । जलवायु परिवर्तन विश्वव्यापी योगदान हो । यसको असरको न्यूनिकरण तथा व्यवस्थापन विश्वसमुदायको साझा जिम्मेवारी हो ।

*सभामुख महोदय,*

रुसुवाको भोटेकोशी नदीमा आएको बाढीका कारण सम्पर्कबिहिन हुनुभएका नागरिकको खोजी जारी रहनेछ । घाइतेको उपचार जारी रहनेछ । घरबार बिहिन हुनुभएकाहरूका लागि तत्कालका लागि अस्थायी र दीर्घकालिन पुनःस्थापनमा सरकार लाग्ने छ ।

कोही कतै छुट्नु हुने छैन ।

यो बीचमा हामी विपद्सँग लडिरहँदा हामीमाथि केही प्रश्नहरू पनि उठे ।

१) समयमै बाढीको सूचना किन भएन भन्ने सन्दर्भमा मानव सभ्यताले भोगेको मध्ये यो ठूलो घटना हो। यो विपद् पूर्वअनुमान भन्दा बाहिरको कुरा हो । बाढी आउँदै गरेको सूचना पाएलगत्तै हाम्रा सुरक्षाकर्मीहरू स्थानीयलाई सर्तक बनाउन खटिनु भएको थियो । त्यसैबेला उहाँहरू समेत बेपत्ता हुनुभएको छ ।

२) शव व्यवस्थापनमाथि प्रश्न उठेको सन्दर्भमा यो ठूलो विपद्मा धेरै मानिसहरूले नदीको लेदोसहितको पानीमा परेर ज्यान गुमाउनु भयो । बाढीले उहाँहरूको शवलाई फरक फरक ठाउँमा पुर्यायो। हामीले कानुनी र वैज्ञानिक आधारलाई टेकेर तत्काल पहिचान हुन नसकेका शव मात्रै डिएनए लगायत पहिचान हुने आधारहरू सुरक्षित राखी जमिनमुनि व्यवस्थापन गरेका छौं । पछि डिएनए मिल्नासाथ ती शव सम्बन्धित परिवारलाई जिम्मा लगाइनेछ। त्यसपछि उहाँहरूले आ–आफनो धार्मिक संस्कार अनुसार अन्तिम संस्कार गर्नुहुनेछ ।

त्यसैले यस विषयमा भ्रममा नपर्न म सबैमा अनुरोध गर्दछु ।

३) उद्धारका लागि विदेशी सहयोग सन्दर्भमा यति ठूलो विपद् पर्दा हामीले अन्तर्राष्ट्रिय सहयोग नलिने भन्ने कुरा नै आउँदैन । प्रभावित क्षेत्रमा आवश्यकता अनुसार सहयोग लिन सुरुआतदेखि नै हामीले अन्तर्राष्ट्रिय मुलुकहरूसँग समन्वय गरेकै थियौं। प्रक्रिया समेत छोटो गराएर हामीले अन्तर्राष्ट्रिय सहयोग लिने प्रयास गरेका थियौं ।

४) प्रभावित क्षेत्रका विद्युत आयोजनाका सुरुङहरूमा खोज र उद्धारको सन्दर्भमा घटना हुनासाथ खोज गर्दा र जहाँ जहाँ घाइतेहरू भेटिनु भयो र जहाँ जहाँ हेलीकप्टर जान सक्यो त्यहाँ उद्धार तीव्र बनाएका थियौं । प्रभावित विद्युत आयोजनाका सुरुङहरूमा नेपाली सेनाको नेतृत्वमा अन्तर्राष्ट्रिय विज्ञसहितको टोलीले खोज तथा उद्धार जारी राखेको छ ।

५) विपद्का बेला संघीय सरकार, प्रदेश र स्थानीय सरकारसँग समन्वयको सन्दर्भमा सुरुआतबाटै हामी प्रदेश सरकारसँगै स्थानीय सरकार र जनप्रतिनिधिहरूसँग निरन्तर संवाद भइरहेको थियो ।

हामी प्रभावित क्षेत्रमा जाँदा बागमती प्रदेश सरकारका मुख्यमन्त्रीसहितको टोलीसँग छलफल गरेका थियौं। त्यसपछि राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणले उहाँहरूसँग छलफल गरी विपद् व्यवस्थापनमा आआफ्नो जिम्मेवारी अझै गम्भीररूपमा निर्वाह गर्ने निर्णय भएको थियो ।

*समामुख महोदय,*

विपद् पश्चात खोज, उद्धार, उपचार, राहत र व्यवस्थापनदेखि पुनःस्थापनाको चरणसम्म खटिनुहुने सम्पूर्ण सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी, मन्त्रिपरिषद्का सदस्यहरू, प्रदेश र स्थानीय सरकार, राजनीतिक दल, जनप्रतिनिधि, स्थानीय, स्वयमसेवी संस्थाहरू, आम नागरिक, मित्रराष्ट्रहरू, अन्तर्राष्ट्रिय संघसंस्थालगायत सम्पूर्ण सरोकारवालाप्रति हामी आभार व्यक्त गर्दै आगामी दिनमा पनि निरन्तर साथ र सहयोगको आग्रह गर्दछौं । सरकार हिजो पनि तपाईंसँगै थियो, आज पनि छ र भोलि पनि रहनेछ । धन्यवाद । रासस

जनकपुरटुडे



# अमेरिकी आक्रमणपछि इरान आक्रामक, 'कडा प्रहार' गर्ने चेतावनी



एएफपी । इरानको इस्लामिक 'रिभोलुसन गार्ड्स' ले अमेरिकाले इरानका सैन्य लक्ष्यमाथि गरेको हमलाको जवाफमा प्रतिकार सुरु गरिसकेको जनाएको छ । इरानी सैन्य नेतृत्वले अमेरिकाविरुद्ध 'कुचल्ने र चकनाचुर पार्ने' गरी कडा प्रहार गर्ने चेतावनी दिएको छ ।

इरानी सैन्य सङ्गठनका अनुसार, उसको वायु रक्षा प्रणालीले अमेरिकी मानवरहित विमान खसालेको छ । त्यसैगरी, इरानी हवाई तथा अन्तरिक्ष सेनाले मध्यपूर्व क्षेत्रमा रहेका अमेरिकी सैन्य आधार तथा अन्य सैन्य संरचनामाथि ब्यालिस्टिक क्षेप्यास्त्र प्रहार गरेको जनाएको छ ।

इरानले अमेरिकाले मंगलबार दक्षिणी क्षेत्रमा गरेको हवाई हमलापछि प्रतिकार सुरु गरिएको जनाएको हो । इरानी पक्षका अनुसार उक्त अमेरिकी हमलामा ५४ जनाभन्दा बढी मानिस मारिएका तथा घाइते भएका छन् ।

अर्धसरकारी समाचार संस्थाले स्थानीय अधिकारीहरूलाई उद्धृत गर्दै होर्मोजगान प्रान्तको सिरिक जिल्लामा भइरहेको विवाह समारोहलाई लक्षित गरी गरिएको अमेरिकी हमलामा कम्तीमा चार जनाको मृत्यु भएको जनाएको छ । मृत्यु हुनेमा एक बालक र एक महिला रहेको तथा ५० भन्दा बढी मानिस घाइते भएको बताइएको छ ।

अमेरिकी सेनाको मध्यपूर्व कमाण्डले इरानी सैन्य लक्ष्यमाथि हमला सुरु गरेको घोषणा गरेपछि मंगलबार साँझ दक्षिणी इरानका विभिन्न क्षेत्रमा विस्फोटका आवाज सुनिएको इरानी सञ्चारमाध्यमहरूले जनाएका छन् ।

होर्मोजगान, सिस्तान तथा बलुचिस्तान, केरमान र बुशेहर प्रान्तका विभिन्न स्थानमा विस्फोट भएको खबर आएको छ । कोनाराक तथा क्युशम द्वीप आसपास पनि धेरै विस्फोट भएको बताइएको छ । यद्यपि, ती विस्फोटको वास्तविक स्थान र कारणबारे तत्काल स्पष्ट जानकारी प्राप्त हुन सकेको छैन ।

इरानको मुख्य सैन्य कमाण्डले अमेरिकी 'हवाई आक्रमण' को जवाफमा आफ्ना सशस्त्र सेनाले अमेरिकाविरुद्ध निर्णायक र कडा प्रहार गर्ने जनाएको छ ।

यसैबीच, अमेरिकी सेनाको मध्यपूर्व कमाण्डले सामाजिक सञ्जालमार्फत इरानी सैन्य लक्ष्यमाथि हमला सुरु गरिएको पुष्टि गरेको छ । उसका अनुसार, हालै इरानी सैन्य संगठनले होर्मुज जलडमरूमध्यमा व्यावसायिक पानीजहाज तथा मध्यपूर्व क्षेत्रमा तैनाथ अमेरिकी सैनिकमाथि आक्रमणको प्रयास गरेपछि पछिल्लो सैन्य कारबाही गरिएको हो ।

# इजिप्टमा बस दुर्घटना हुँदा २२ जनाको मृत्यु, २८ घाइते



एएफपी । इजिप्टको पूर्वी सिनाई प्रायद्वीपस्थित मरुभूमिको राजमार्गमा बुधबार यात्रुबाहक बस दुर्घटना हुँदा २२ जनाको मृत्यु भएको छ भने २८ जना घाइते भएका छन् ।

दक्षिण सिनाईस्थित दाहाब र नुवेइबा रिसोर्ट सहर जोड्ने सडकमा बस अनियन्त्रित भएर पल्टिएको अधिकारीहरूले बताएका छन् । उक्त क्षेत्र समुद्री तट, कोरल चट्टान र पहाडी भू-दृश्यका कारण विश्वभरका पर्यटकमाझ लोकप्रिय छ ।

जर्डनको सरकारी सञ्चारमाध्यम अल-मम्लकाले दुर्घटनामा मृत्यु हुनेमध्ये १० जना जर्डनका नागरिक रहेको जनाएको छ। बसमा २२ जना जर्डनका नागरिकसहित ४३ जना सवार रहेको बताइएको छ ।

इजिप्टको स्वास्थ्य मन्त्रालयले यसअघि १६ जनाको मृत्यु भएको जानकारी दिएकोमा मृतकको संख्या बढेर २२ पुगेको जनाएको छ । घटनास्थलमा २० वटा एम्बुलेन्स पठाइएको र घाइतेहरूलाई उपचारका लागि नजिकका अस्पतालमा लगिएको मन्त्रालयले जनाएको छ।

दुर्घटनाको कारणबारे भने अधिकारीहरूले तत्काल कुनै जानकारी दिएका छैनन् ।

एएफपीले सार्वजनिक गरेको दृश्यमा दुर्घटनाग्रस्त बस सडककिनारमा पल्टिएको र त्यसका भग्नावशेष छरिएको देखिएको छ ।

इजिप्टमा सडक दुर्घटना सामान्य मानिन्छन्। तीमध्ये धेरै दुर्घटना लापरबाहीपूर्ण सवारी, सवारीसाधनको कमजोर मर्मतसम्भार तथा सडक सुरक्षा कानुनको कमजोर कार्यान्वयनका कारण हुने गरेको बताइन्छ ।

गत महिना उत्तरी इजिप्टमा कृषि क्षेत्रमा दैनिक ज्यालादारीमा काम गर्ने मजदुर बोकेका दुई पिकअप ट्रक ठोक्किँदा कम्तीमा १८ जनाको मृत्यु भएको थियो । मृतकमध्ये धेरैजसो किशोरकिशोरी थिए ।

इजिप्टको सरकारी तथ्याङ्क निकायका अनुसार गत वर्ष देशभर भएका सडक दुर्घटनामा करिब ६ हजार जनाको मृत्यु भएको थियो ।

# चीन, रूस र मंगोलियाले संयुक्त सीमा रक्षा अभ्यास गर्ने

एएफपी । चीन, रूस र मंगोलियाले सेप्टेम्बरको सुरुमा दोस्रो संयुक्त सीमा रक्षा अभ्यास सूरु गर्ने भएका छन् ।

सीमा रक्षा सहयोग २०२६ कोड नाम दिइएको यस अभ्यासले सीमावर्ती क्षेत्रहरूमा जासुसी र समावेश हुने मन्त्रालयले जनाएको छ ।

यो अभ्यासको उद्देश्य तीन छिमेकि देशहरु बीचको रणनीतिक आपसी विश्वासलाई अझ सुदृढ पार्नु, सीमा रक्षा सहयोगलाई सक्षम बनाउनु र संयुक्त रूपमा सीमा



तोडफोड गतिविधिहरू रोक्न र यस विरुद्ध लड्नमा ध्यान केन्द्रित गर्नेछ।

यस अभ्यासमा संयुक्त योजना, खोजी, समन्वित आक्रमण र गिरफ्तारी, साथै संदिग्धहरूको संयुक्त हस्तान्तरण क्षेत्रमा सुरक्षा र स्थिरताको रक्षा गर्नु रहेको जनाइएको छ ।

तीनै देशका सीमा सुरक्षा बलले सन् २०२५ सेप्टेम्बरमा यस प्रकारको पहिलो संयुक्त अभ्यास गरेका थिए ।

# वैज्ञानिक अनुसन्धानको तथ्याङ्क खुला गर्न चीनको नयाँ पहल



एएफपी । चीनको चिनियाँ विज्ञान प्रतिष्ठानअन्तर्गतको स्वचालन अनुसन्धान संस्थानले वैज्ञानिक अनुसन्धानसँग सम्बन्धित तथ्याङ्कको खुला साझेदारीलाई प्रवर्द्धन गर्ने उद्देश्यले नयाँ अन्तर्राष्ट्रिय शैक्षिक पत्रिका सुरु गरेको छ ।

स ं स्थानका अनुसार नयाँ पत्रिकाले विश्वभरका अनुसन्धानकर्ताका लागि उच्चस्तरीय, बहुविषयगत, खुला पहुँच तथा सहकर्मी मूल्याङ्कनमा आधारित शैक्षिक आदानप्रदानको मञ्च उपलब्ध गराउनेछ ।

पत्रिकामा तथ्याङ्कसम्बन्धी लेख, नमुनासम्बन्धी लेख, अनुसन्धानसम्बन्धी लेख, समीक्षा, तथ्याङ्क तथा नमुना अद्यावधिक, साथै समाचार, विचार तथा टिप्पणी गरी छ वटा मुख्य खण्ड रहनेछन् ।

यस पत्रिकाको अनुसन्धान क्षेत्र कम्प्युटर विज्ञान, गणित, तथ्याङ्क, चिकित्सा लगायत विभिन्न विषयमा फैलिएको छ । यसले वैज्ञानिक अनुसन्धानका सामग्री उत्पादनदेखि प्रकाशन तथा त्यसपछि हुने अद्यावधिकसम्मको सम्पूर्ण प्रक्रियालाई समेट्नेछ ।

संस्थानका अनुसार पत्रिकाले तथ्याङ्क, अनुसन्धान, प्रयोग तथा तथ्याङ्क व्यवस्थापनलाई एउटै शृंखलामा जोड्दै उच्च गुणस्तरीय वैज्ञानिक तथ्याङ्कको विश्वव्यापी खुला साझेदारीलाई प्रोत्साहन गर्ने लक्ष्य राखेको छ ।

नयाँ पत्रिकाको पहिलो सम्पादकीय बोर्डमा विश्वका २० भन्दा बढी प्रतिष्ठित विश्वविद्यालय तथा अनुसन्धान संस्थानका विशेषज्ञहरू सहभागी रहेको संस्थानले जनाएको छ ।

यस पत्रिकामार्फत वैज्ञानिक अनुसन्धानमा तथ्याङ्कको खुला प्रयोग, प्रभावकारी तथ्याङ्क व्यवस्थापन तथा नयाँ अनुसन्धान पद्धतिको विकासमा योगदान पुग्ने अपेक्षा गरिएको छ ।

# अस्ट्रेलियाको आर्थिक वृद्धिदर बढ्यो, दोस्रो त्रैमासिकमा शून्य दशमलव ४ प्रतिशत

एएफपी । अस्ट्रेलियाको आर्थिक वृद्धिदर सन् २०२६ को दोस्रो त्रैमासिकमा शून्य दशमलव ४ प्रतिशत पुगेको छ । मंगलबार सार्वजनिक गरिएको सरकारी तथ्यांकअनुसार आर्थिक वृद्धिदर अघिल्लो त्रैमासिकको तुलनामा बढेको हो ।

अस्ट्रेलियाको तथ्यांक विभागका अनुसार जुन महिनाको अन्त्यसम्मका तीन महिनामा देशको कुल गार्हस्थ्य उत्पादन शून्य दशमलव ४ प्रतिशतले बढेको हो । मार्चमा समाप्त भएको अघिल्लो त्रैमासिकमा आर्थिक वृद्धिदर शून्य दशमलव ३ प्रतिशत थियो ।

वार्षिक आधारमा भने जुनसम्मको १२ महिनामा अस्ट्रेलियाको कुल गार्हस्थ्य उत्पादन २ दशमलव १ प्रतिशतले बढेको तथ्यांकले देखाएको छ ।

अस्ट्रेलियाको केन्द्रीय बैंकले गत अगस्टमा सार्वजनिक गरेको पछिल्लो प्रक्षेपणमा वार्षिक आर्थिक वृद्धिदर १ दशमलव ९ प्रतिशत रहने अनुमान गरेको थियो । त्यस्तै, देशको सबैभन्दा ठूलो उपभोक्ता बैंकले सोमबार त्रैमासिक आर्थिक वृद्धिको अनुमान शून्य दशमलव १ प्रतिशत र वार्षिक वृद्धिको अनुमान १ दशमलव ६ प्रतिशतमा झारेको थियो ।

कोषाध्यक्ष जिम चाल्मर्सले सामाजिक सञ्जालमार्फत



सार्वजनिक गरेको वक्तव्यमा पछिल्लो तथ्यांकले अस्ट्रेलियाको अर्थतन्त्र अझै पनि लचिलो र मजबुत रहेको देखाएको बताउनुभयो ।

तथ्यांक विभागका अनुसार दोस्रो त्रैमासिकको आर्थिक वृद्धि निजी क्षेत्रको मागमा देखिएको सुधार र त्यसलाई पूरा गर्न बढेको आयातका कारण भएको हो ।

तथ्यांक विभागकी राष्ट्रिय लेखा प्रमुख ग्रेस किमले बढ्दो उपभोग र व्यवसायिक लगानी अर्थतन्त्रका केही क्षेत्रमा केन्द्रित रहे पनि समग्र आर्थिक वृद्धिमा आयातले ठूलो भूमिका खेलेको बताउनुभएको छ ।

त्रैमासिक अवधिमा वस्तुको आयात २ दशमलव ४ प्रतिशतले बढेको छ । अस्ट्रेलियाली नागरिकहरू विद्युतीय सवार ीसाधनतर्फ आकर्षित भइरहेका बेला सवारीसाधनको आयात १० दशमलव ३ प्रतिशतले बढेको तथ्यांकमा उल्लेख छ ।

यद्यपि, मध्यपूर्वमा जारी द्वन्द्वका कारण अन्तर्राष्ट्रिय यात्रामा असर परेपछि सेवाको आयात ४ दशमलव ९ प्रतिशतले घटेको छ । मार्च त्रैमासिकमा खराब मौसमका कारण प्रभावित भएको कोइला उत्पादनमा सुधार आएपछि अस्ट्रेलियाको निर्यात भने शून्य दशमलव ८ प्रतिशतले बढेको छ ।

केन्द्रीय बैंकले अगस्टमा गरेको प्रक्षेपणअनुसार डिसेम्बरसम्म वार्षिक आर्थिक वृद्धिदर १ दशमलव ४ प्रतिशतमा झर्ने र सन् २०२८ सम्म पनि २ प्रतिशतभन्दा कम रहने अनुमान गरिएको छ ।

# एनभीएल खेल्न मंगोलियादेखि ब्राजिलसम्मका खेलाडी नेपाल आइपुगे



**टुडे समाचारदाता**

काठमाण्डु । नेपालमा पहिलो पटक हुन लागेको पुरुष भलिबलको फ्रेन्चाइज लिग नेपाल भलिबल लिग (एनभीएल) शुरु हुन अब दुई दिन मात्र बाँकी रहेको छ ।

केडिया ग्रुपको आयोजनामा भदौ १९ देखि २७ गतेसम्म काठमाडौंको त्रिपुरेश्वरस्थित दशरथ रंगशालाको कभर्डहलमा हुने लिगमा ६ फ्रेन्चाइज टोलीले प्रतिस्पर्धा गर्नेछन् ।

यसअघि नै महिला भलिबलको फ्रेन्चाइज लिग आयोजना भइसकेपनि पुरुषको भने यो पहिलो फ्रेन्चाइज लिग हो र आयोजकदेखि खेलाडीहरू यसका लागि उत्साहित भएका छन् ।

यस लिगको सबैभन्दा मुख्य विशेषता भनेको विदेशी खेलाडीको आगमन पनि हो । नेपाल भलिबल लिगमा ६ टिमले ३-३ विदेशी खेलाडी राख्ने प्रावधान छ । जसमा विभिन्न देशका खेलाडीहरू नेपाल भलिबल लिग खल्न नेपाल आइसकेको जनाएको छ ।

यसअघि नेपाल भलिबल संघले आयोजना गर्ने प्रतियोगितामा अधिकांश भारत र पाकिस्तानका खेलाडीहरू मात्र आउने गरे पनि यस लिगमा भने एसिया, युरोप, अफ्रिका र ल्याटिन अमेरिकी खेलाडीहरू पनि आउने भएका छन् ।

यस पटक नेपाल भलिबल लिगमा विभिन्न ९ राष्ट्रका खेलाडीहरू आएका छन् । त्यसमध्ये पाकिस्तान र भारतका खेलाडीहरू धेरै छन् ।

तर यस पटक एसिया भन्दा बाहिरका खेलाडीहरू पनि नेपाल आउँदा नेपाल भलिबल लिगको प्रचार प्रसारमा ठूलो सहयोग पुग्ने र नेपाली भलिबल खेलाडीहरूले पनि विदेशी खेलाडीहरूबाट धेरै कुरा सिक्न सक्ने भएका छन् ।

अहिलेसम्म पक्का भइसकेका विदेशी खेलाडीमा पाकिस्तानबाट सबैभन्दा धेरै ५ खेलाडी आएका छन् । यस्तै भारत र मंगोलियाबाट ३-३ खेलाडी नेपाल आइसकेका छन् । यसबाहेक पोल्यान्ड, बेलारुस, इरान, रसिया, बेनिनबाट पनि १-१ खेलाडी नेपाल आएका छन् ।

लिग खेल्ने १८ मध्ये अब एक विदेशी खेलाडी मात्र नेपाल आउन बाँकी रहेका छन् ।

कोशीको शानको रुपमा रहेको सगरमाथा स्म्यासर्सले तीनै विदेशी खेलाडी पाकिस्तानबाट भित्र्याएको जनाएको छ ।

नेपाली राष्ट्रिय टिमका कप्तान हरिहजुर थापा मार्की र उत्सव खड्का मुख्य प्रशिक्षक रहेको सगरमाथाले पाकिस्तानको राष्ट्रिय टिमका पूर्व खेलाडी अइमल खानदेखि नेपालमा खेलेको अनुभव भएका फखर वाट्टो र वाकर खानलाई भित्र्याएको छ ।

तीनै खेलाडीले यसअघि नेपालमा भएको विभिन्न प्रतियोगिता खेलिसकेका छन् ।

मधेश प्रदेशको प्रतिनिधित्व गर्ने टोलीको रुपमा रहेको मधेश वारियर्सले तीनै विदेशी खेलाडी छिमेकी भारतबाट अनुबन्ध गरेको जनाएको छ ।

यस टिमको मुख्य प्रशिक्षकमा राष्ट्रिय टिमको प्रशिक्षण सम्हालिसकेका भरत यादव छन् भने राष्ट्रिय टिमका मिडल ब्लकर रविन नगरकोटी मार्कीमा छन् ।

मधेश वारियर्सले भारतमा मोहन उग्रपान्डियन, विनित कुमार र मन कुमारलाई भित्र्याएको छ ।

मोहन सेटर हुन् भने विनित र रमन स्पाइकर हुन् । विनित र रमनले नेपालमा आएर डोमेस्टिक भलिबल खेलिसकेका छन् भने मोहनले काभा क्लब भलिबल च्याम्पियनसिप र दक्षिण एसियाली खेलकुदका बेला नेपाल आएर खेलेका छन् ।

राजधानी काठमाण्डुंको टिमको रुपमा रहेको काठमाडौंले पनि पाकिस्तानी खेलाडीलाई नै प्राथमकिता दिएको छ ।

नृप बहादुर विक मुख्य प्रशिक्षक र सुनिल बोहरा मार्की प्लेअर रहेको काठमाडौं रेड्सले पाकिस्तानका अहमेद राजा र एडनान खान तथा सर्बियाका स्टेफान ओकोसानोभिचलाई अनुबन्ध गरेको छ ।

राजा स्पाइर र अडनान सेटर हुन् भने स्टेफान पनि स्पाइकर हुन्। पाकिस्तानका दुबै खेलाडीसँग नेपालमा आएर डोमेस्टिक भलिबल खेलेको अनुभव छ ।

काठमाण्डुले अर्को विदेशी खेलाडीले भने पहिलो पटक नेपालमा खेल्न लागेको हो ।

अन्नपूर्ण स्पाइकर किंग्स नेपाल भलिबल लिगमा गण्डकी प्रदेशको प्रतिनिधित्व गर्ने फ्रेन्चाइज टोली हो । यो टोलीमा गण्डकी प्रदेशकै मुख्य प्रशिक्षक र मार्की प्लेअर देखि अन्य चर्चित खेलाडीहरू पनि छन् ।

गण्डकी प्रदेशका रमेश केसी मुख्य प्रशिक्षक रहेको यस अन्नपूर्ण स्पाइकर किंग्समा पछिल्लो समय नेपालकै चर्चित खेलाडी हिमाल सुनारी मगर मार्की प्लेअरको रुपमा छन् । यस्तै कुनै समय गण्डकी प्रदेशका लागि उत्कृष्ट प्रदर्शन गर्दै चर्चा कमाएका रबि केसी पनि यसै टिमबाट खेल्न जापानदेखि नेपाल आएका छन् ।

विभिन्न विभागीय टोलीबाट आएका यस टिमका अन्य खेलाडीहरू पनि गण्डकी प्रदेश भित्रकै छन् ।

गण्डकी प्रदेशले विदेशी खेलाडीहरू पनि एउटै दशेबाट भित्र्याएको छ । मंगोलियाको वर्तमान राष्ट्रिय टोलीका तीन उत्कृष्ट खेलाडीहरू उरानबायर मंखबायर, इंख एर्डेन र तुर्मान्डाखलाई अन्नपूर्णले अनुबन्ध गरेको छ । उरानबायर र इंख इर्डेन स्पाइकर हुन् भने तुर्मान्डा सेटर हुन् ।

पछिल्लो समय तीनै खेलाडीले राष्ट्रिय टिममा एकसाथ खेल्दै एसियन इस्टर्न जोन भलिबल च्याम्पियनसिपमा कांस्य पदक जितेका थिए ।

कर्णालीको नाम पछिल्लो समय नेपाली खेलकुदको क्षेत्रमा ब्रान्ड बन्दै आएको छ । महिला भलिबलमा दुई पटक च्याम्पियन बनिसकेको कर्णाली पुरुष भलिबल लिगमा कर्णाली शिवराजको रुपमा प्रवेश गरेको छ ।

चन्द्र कुँवर मुख्य प्रशिक्षक र पहल गहतराज मार्की प्लेअर रहेको यस टिमले कर्णाली प्रदेशको प्रतिनिधित्व गर्दै लिग खेल्नेछ ।

कर्णालीले लिगका लागि तीन फरक देशबाट विदेशी खेलाडी भित्र्याएको छ । जसमा युरोपियन राष्ट्र पोल्यान्ड र बेलारुस देखि इरानसम्मका खेलाडी छन् ।

कर्णालीले भित्र्याएको विदेशी खेलाडीमा पोल्यान्डका इमिलियन स्केतेक, बेलारुसका आर्टीसिओम कुड्रासोउ र इरानका अलिरेजा अबालोच छन् । इमिलियन सेटर हुन् ।

सुदूरपश्चिम क्षेत्रको टिमको रुपमा रहेको खप्तड फाल्कन्सको मुख्य प्रशिक्षकम रुपेश कुमार विष्ट र मार्की प्लेअरमा धिरोजकाजी बस्नेत छन् ।

यस टिमले पनि लिगका लागि तीन फरक राष्ट्रबाट विदेशी खेलाडी अनुबन्ध गरेको छ ।

खप्तड फाल्कन्सको विदेशी खेलाडीमा ब्राजिल देखि रसियासम्मका खेलाडी छन् । यस्तै अफ्रिकी राष्ट्र बेनिलका खेलाडि पनि यस टिममा छन् । खप्तडले तीन फरक देश मात्र नभएर तीन फरक महादेशबाट खेलाडी ल्याएको छ ।

# चेल्सी छाडेर कीर्तिमानी मूल्यमा म्यानचेस्टर सिटीमा एन्जो फर्नान्डेज

**टुडे समाचारदाता**

काठमाण्डु । म्यानचेस्टर सिटीले चेल्सीका अर्जेन्टिनी मिडफिल्डर एन्जो फर्नान्डेजलाई १२ करोड ५० लाख पाउन्ड (२५ अर्ब ७६ करोड ३७ लाख रुपैयाँ)मा अनुबन्ध गरेको जनाएको छ ।

यो रकम बेलायती फुटबल इतिहासकै संयुक्त कीर्तिमानी ट्रान्सफर शुल्क छ ।

फर्नान्डेजको आगमनसँगै सिटीले एकै ट्रान्सफर विन्डोमा खेलाडी खरिदमा खर्च गरेको रकम ४५ करोड ८० लाख पाउन्ड पुगेको छ ।

यो प्रिमियर लिगमा एकै विन्डोमा भएको सबैभन्दा ठूलो खर्च छ । यसअघि गत समरमा लिभरपुलले ४१ करोड ५० लाख पाउन्ड खर्च गर्दै बनाएको कीर्तिमान सिटीले तोडेको छ ।

यद्यपि, सिटीले यसै गर्मीमा खेलाडी बिक्रीबाट करिब ३० करोड पाउन्ड आम्दानी पनि गरेको छ। फर्नान्डेज सन् २०२३ मा बेन्फिकाबाट तत्कालीन बेलायती कीर्तिमानी १० करोड ७० लाख पाउन्डमा चेल्सी पुगेका थिए ।

अहिले उनको सिटी स्थानान्तरण शुल्क गत समरमा लिभरपुलले एलेक्जान्डर इसाकका लागि तिरेको १२ करोड ५० लाख पाउन्डसँग बराबर भएको छ । सिटी र चेल्सीबीच पछिल्लो २४ घण्टादेखि भइरहेको वार्तापछि मंगलबार सम्झौता भएको छ ।

२५ वर्षीय फर्नान्डेजले यसै समरमा रियल मड्रिड जाने इच्छा राखेका थिए । तर स्पेनिस क्लबले उनलाई अनुबन्ध गर्न प्रस्ताव नगर्ने स्पष्ट पारेपछि उनको भविष्य



सिटीमा पुगेको छ । फर्नान्डेज सिटीको पछिल्लो दुई महिनामा आफ्नै ट्रान्सफर कीर्तिमान तोड्ने दोस्रो खेलाडी बनेका छन् । यसअघि जुलाईमा नटिङ्हम फरेस्टबाट इलियट एन्डरसनलाई ११ करोड ६० लाख पाउन्डमा अनुबन्ध गरिएको थियो ।

यस समरमा कम्तीमा १० करोड पाउन्डमा प्रिमियर लिग क्लबमा स्थानान्तरण हुने फर्नान्डेज चौथो खेलाडी छन् ।

यसअघि मोर्गन रोजर्स ११ करोड ७० लाख पाउन्डमा चेल्सी, ब्राडली बारकोला १२ करोड ३० लाख पाउन्डमा लिभरपुल तथा एन्डरसन सिटी पुगेका थिए ।

सिटीले यस समरमा चार मिडफिल्डर गुमाएको छ। तिज्जानी रेइन्डर्स ५ करोड २० लाख पाउन्डमा अल-कादसियाह, रोड्री ६ करोड ५० लाख पाउन्डमा बार्सिलोना, निको गोन्जालेज ५ करोड २० लाख पाउन्डमा न्युक्यासल पुगेका छन् ।

# नेप्से परिसूचक दोहोरो अङ्कले बढ्यो



काठमाण्डु । धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक आज दोहोरो अङ्कले बढेको छ ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १५ दशमलव ४४ अङ्कले बढेर दुई हजार ५३८ दशमलव ११ मा पुगेको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव ०२ अङ्कले बढेर ४४९ दशमलव १८ मा पुगेको छ । त्यस्तै फ्लोट सूचक एक दशमलव २२ अङ्कले बढेर १७४ दशमलव १९ मा पुगेको छ। त्यस्तै सेन्सेटिभ फ्लोट सूचक एक दशमलव १७ अङ्कले बढेर १५१ दशमलव ६१ मा पुगेको छ।

बुधबार विभिन्न कम्पनीका ७२ लाख ६८ हजार २०२ कित्ता सेयर रु दुई अर्ब ९४ करोड २७ लाख ८१ हजार ८२६ मूल्यमा खरिद बिक्री भएको छ। आज १३ उपसमूहमध्ये ११ उपसमूह बढ्यो भने दुई उपसमूह घटेको छ। आज १९३ कम्पनीको सेयर बढ्यो भने ७५ कम्पनीको सेयर घट्यो। त्यसैगरी १० कम्पनीको सेयर स्थिर रह्यो।

नेप्सेका अनुसार आज उपकार लघुवित्त, माथिल्लो मैलुङ खोला जलविद्युत, आत्मनिर्भर लघुवित्त कम्पनीका लगानीकर्ताले कमाएका छन् । त्यसैगरी आज एनएमबी इजर्नी बण्ड, आरबिबि म्युचुअल फण्ड र कुथेली बुखरी स्मल हाइड्रोपावर कम्पनीका लगानीकर्ताले गुमाएका छन् । रासस

# बाढी प्रभावित कुन क्षेत्रमा कति रकम निकासा भयो ?



काठमाण्डु । सरकारले रसुवाको भोटेकोशी नदीमा गएको बाढीबाट प्रभावित पाँच जिल्लाका १५ स्थानीय तहका लागि रू १३ करोड ५० लाख निकासा गरेको छ। सरकारले दुई चरणमा गरी ती पालिकामा उक्त रकम निकासा गरेको हो।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अनुसार भोटेकोशी हुँदै त्रिशूली नदीमा बाढी गएलगत्तै रसुवा र नुवाकोटका लागि रू एक/एक करोड र धादिङका लागि रू ५० लाख दिने निर्णय सरकारले गरेको थियो। त्यसपछि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमार्फत यही भदौ १२ गते रु छ करोड ५० लाख र १६ गते रु छ करोड ५० लाख गरी रु १३ करोड ५० लाख निकासा गरेको हो।

प्राधिकरणका अनुसार रसुवाको उत्तरगया गाउँपालिकाका लागि रु एक करोड ५० लाख, गोसाइँकुण्ड गाउँपालिकाका लागि रु दुई करोड, कालिका गाउँपालिकाका लागि रू ६० लाख र आमा छोदिङ्मो गाउँपालिकाका लागि रू ४० लाख निकासा गरिसकेको छ।

त्यसैगरी, नुवाकोटको विदुर नगरपालिकाका लागि रू तीन करोड, बेलकोटगढी नगरपालिकाका लागि रू एक करोड ५० लाख, किस्पाङ गाउँपालिकाका लागि रू ५० लाख र तारकेश्वर गाउँपालिकाका लागि रू एक करोड निकासा गरिएको छ।

त्यस्तै, धादिङका गल्छी गाउँपालिकाका लागि रू ६० लाख, सिद्धलेक गाउँपालिकाका लागि रू ४० लाख, गजुरी गाउँपालिकाका लागि रू ४० लाख र बेनिघाट रोराङ गाउँपालिकाका लागि रू ४० लाख निकासा गरिएको प्राधिकरणले जनाएको छ।

साथै गोरखाको गण्डकी गाउँपालिकाका लागि रू ४० लाख तथा तनहुँको देवघाट गाउँपालिकाका लागि रू ४० लाख र आँबुखैरनी गाउँपालिकाका लागि रू ४० लाख निकासा भइसकेको पनि प्राधिकरणले जनाएको छ।

यसैबीच, प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र प्रधानमन्त्री राहत कोषमा हालसम्म रू सात अर्ब ८८ लाख ५७ हजार २१७ जम्मा भएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले जनाएको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई भदौ १६ गते रू एक करोड निकासा दिएपछि अब सो कोषमा रू छ अर्ब ८८ लाख ५७ हजार २१७ मौज्दात रहेको छ। साथै प्रधानमन्त्री राहत कोषमा थप ६१ लाख ४१ हजार ७०२ अमेरिकी डलर जम्मा भएको छ। रासस

# विपद्पीडित ग्राहकका लागि बैंकिङ सेवा थप सहज बनाउन राष्ट्र बैंकको निर्देशन

काठमाण्डु । नेपाल राष्ट्र बैंकले हालै भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित भई बैंकिङ कारोबारका लागि आवश्यक चेक, कार्ड, मोबाइल तथा अन्य कागजात गुमाएका ग्राहकलाई सहज रूपमा वित्तीय सेवा उपलब्ध गराउन बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिएको छ।

राष्ट्र बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागले मङ्गलबार सूचना जारी गर्दै बैंक तथा वित्तीय संस्थालाई विपद् पीडित ग्राहकको पहिचान यकीन गरी आवश्यक सहयोग र सहजीकरण गर्न भनेको हो।

प्राकृतिक विपद्का कारण बैंकिङ कारोबारका लागि आवश्यक कागजात तथा सामग्री गुमाएका ग्राहकले सेवा प्राप्त गर्न कठिनाइ भोग्नु नपरोस् भन्ने उद्देश्यले यस्तो व्यवस्था गरिएको राष्ट्र बैंकले जनाएको छ।

सूचनाअनुसार बैंक तथा वित्तीय संस्थाले आफ्ना अभिलेखमा रहेको ग्राहकको हस्ताक्षर नमुना, फोटो तथा अन्य विवरणका आधारमा ग्राहकको पहिचान यकीन गर्न सक्नेछन् । त्यसका आधारमा विषम परिस्थितिमा ग्राहकलाई आवश्यक बैंकिङ तथा वित्तीय सेवा उपलब्ध गराउन सहजीकरण गर्न राष्ट्र बैंकले निर्देशन दिएको छ। बाढी तथा अन्य प्राकृतिक विपद्का कारण प्रभावित क्षेत्रमा धेरै नागरिकले व्यक्तिगत कागजात, बैंकिङ सामग्री तथा मोबाइल उपकरण गुमाएको अवस्थामा राष्ट्र बैंकको यो निर्देशनले प्रभावित ग्राहकको वित्तीय सेवामा पहुँच सहज हुने अपेक्षा गरिएको छ। रासस




# पर्यटन क्षेत्रमा ५० अर्बभन्दा बढी क्षति भएको छः मन्त्री पौडेल



काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेलले रसुवा बाढीबाट पर्यटन क्षेत्रमा रु ५० अर्बभन्दा बढीको क्षति भएको प्रारम्भिक अनुमान रहेको बताउनुभएको छ।

प्रतिनिधिसभा अन्तर्गतको अन्तरराष्ट्रिय सम्बन्ध र पर्यटन समितिको आजको बैठकमा भएको रसुवा बाढीका कारण पर्यटन क्षेत्रमा परेको प्रभावबारेको छलफलमा उहाँले पर्यटन व्यवसाय र पूर्वाधारको क्षति र भविष्यमा पार्न सक्ने आर्थिक असर समेतका आधारमा उक्त अनुमान गरिएको बताउनुभयो।

मन्त्री पौडेलका अनुसार बाढीपहिरोबाट १४२ वटा होटल, ५७ वटा रेस्टुरेन्ट तथा पर्यटन व्यवसायसँग सम्बन्धित १४१ वटा सवारीसाधन क्षति भएको छ । त्यस क्षेत्रका विभिन्न महत्वपूर्ण धार्मिक तथा सांस्कृतिक सम्पदामा पनि क्षति पुगेको छ।

लाङटाङ, गोसाइँकुण्ड, पार्वतीकुण्ड र नाथली पदमार्गमा क्षति पुगेकाले वैकल्पिक बाटो खोज्नुपर्ने अवस्था सिर्जना रहेको उहाँले बताउनुभयो।

प्रभावित क्षेत्रलाई मन्त्रालयमार्फत 'क्लाइमेट हेरिटेज'का रूपमा विकास गर्ने योजना अघि बढाइएको जानकारी दिँदै मन्त्री पौडेलले त्यस क्षेत्रमा सङ्ग्रहालय, स्मारक, पार्क वा अन्य संरचना निर्माण गर्ने विषयमा सरोकारवालासँगको छलफलका आधारमा निर्णय गरिने बताउनुभयो।

जलवायु परिवर्तनका कारण नेपालले ठूलो विपत्ति भोग्नुपरेको उल्लेख गर्दै मन्त्री पौडेलले नेपालले नगरेको गल्तीको असर नेपालीले भोग्नुपरेको बताउनुभयो।

उहाँले जलवायु परिवर्तनबाट प्रभावित नेपाललाई अन्तरराष्ट्रिय समुदायले आवश्यक सहयोग र प्रविधि उपलब्ध गराउनुपर्नेमा जोड दिनुभयो।

मन्त्री पौडेलले हिमाली क्षेत्रमा रहेका हिमताल र हिमनदीको जोखिमलाई ध्यानमा राख्दै विपद् आउनुअघि सूचना दिन सक्ने आधुनिक प्रविधिको आवश्यकता रहेको बताउनुभयो। उहाँले विश्वका विभिन्न मुलुकमा प्रयोग भइरहेका यस्ता प्रविधि नेपालमा उपलब्ध गराउन अन्तर्राष्ट्रिय समुदायसँग पहल गरिनेछ भन्नुभयो।

बाढीपहिरोका क्रममा उद्धार तथा राहतमा नेपाली हवाई कम्पनी र हेलिकप्टर व्यवसायीले महत्वपूर्ण योगदान बताउँदै उहाँले त्यसलाई राष्ट्रप्रतिको महत्वपूर्ण योगदानका रूपमा हेरिनेछ भन्नुभयो।

मन्त्री पौडेलले पोखरा, चितवन र काठमाडौँलगायतका स्थानका होटल व्यवसायीले प्रभावितलाई निःशुल्क बस्न र खान दिने व्यवस्था गरेकामा धन्यवाद ज्ञापन गर्नुभयो। उहाँले रसुवा बाढीमा के-कति विदेशी पर्यटक बेपत्ता भएको भन्ने विषय अन्तिम तथ्याङ्क आएपछि यकिन हुने बताउनुभयो।

सरकारले प्रभावित पर्यटक तथा उनीहरूका परिवारलाई सहजीकरण गर्न त्रिभुवन अन्तर र्ाष्ट्रिय विमानस्थल तथा आवश्यक अन्य स्थानमा 'डेस्क' स्थापनाको प्रक्रिया अघि बढेको बताउँदै मन्त्री पौडेलले विभिन्न मन्त्रालय र दूतावाससँग यस विषयमा समन्वय भइरहेको जानकारी दिनुभयो।

मन्त्री पौडेलले विपद्का कारण नेपालको पर्यटन क्षेत्रमा नकारात्मक सन्देश जान नदिन अन्तर्राष्ट्रिय स्तरमा प्रभावकारी सञ्चार आवश्यक रहेको बताउनुभयो । उहाँले अन्तरराष्ट्रियस्तरमा पहुँच भएका जोसुकै व्यक्तिलाई पनि नेपाल सुरक्षित रहेको र नेपालको पर्यटन उद्योग पर्यटकलाई स्वागत गर्न तयार रहेको सन्देश विश्वभर पुर्‍याउन सुझाव दिनुभयो।

"प्राकृतिक विपत्ति संसारका जुनसुकै ठाउँमा हुन सक्छ। यसले नेपालको पर्यटन उद्योगलाई भत्काउन सक्दैन । हामी अझै उभिएका छौँ र पर्यटकलाई स्वागत गर्न तयार छौँ", उहाँले भन्नुभयो।

मन्त्री पौडेलले जलवायु परिवर्तनका कारण नेपालले भोगिरहेको पीडाबारे विश्व समुदायलाई जानकारी गराउनुपर्ने र अर्कोतर्फ नेपाल पर्यटनका लागि सुरक्षित र खुला रहेको सन्देश दिनुपर्ने आवश्यकता औँल्याउनुभयो।

पर्यटन क्षेत्रमा कार्यरत श्रमिकसँग सम्बन्धित कल्याणकारी कोषलाई परिचालन गर्ने निर्णयसमेत गरिएको बताउँदै उहाँले बाढीमा परी बेपत्ता भएका व्यक्तिको यकिन नहुँदा बीमा दाबीमा आउन सक्ने जटिलताबारे अर्थ मन्त्रालयसँग समन्वय भइरहेको जानकारी दिनुभयो।

राष्ट्रिय विपत्तिका बेला राजनीतिकभन्दा माथि उठेर नेपाली समाज एकताबद्ध हुने गरेको उल्लेख गर्दै उहाँले यसपटक पनि उद्धार र राहतका काममा त्यही सामाजिक एकता देखिएको बताउनुभयो। रासस

# विद्युत् नियमन आयोगद्वारा उद्धार कोषमा एक करोड सहयोग




काठमाण्डु । रसुवाको भोटेकोशीमा यही भदौ १० गते गएको बाढीबाट प्रभावित नागरिकको राहत तथा उद्धारका लागि विद्युत् नियमन आयोगले रु एक करोड सहयोग गरेको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराज भक्त श्रेष्ठमार्फत प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोगस्वरूप सो रकमको चेक हस्तान्तरण गरिएको आयोगले जनाएको छ। आयोगद्वारा आज जारी विज्ञप्तिमा उक्त रकम कोषमार्फत सञ्चालित उद्धार, राहत, पुनःस्थापना तथा प्रभावित नागरिकको सहयोगसम्बन्धी कार्यक्रममा उपयोग हुने विश्वास लिइएको छ।

विपद्को अवस्थामा प्रभावित क्षेत्रमा विद्युत् सेवाको सुरक्षा, निरन्तरता तथा यथाशीघ्र पुनःस्थापनाका लागि सम्बन्धित विद्युत् उत्पादन, प्रसारण तथा वितरण संस्थासँग आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्न आयोग प्रतिबद्ध रहेको बताइएको छ।

भोटेकोशीमा उत्पन्न विपद्ले विद्युत् क्षेत्रको नियमनमा प्राकृतिक प्रकोपलाई कुनै एक आयोजना वा अनुमतिपत्रप्राप्त संस्थासम्म सीमित काबु बाहिरको परिस्थितिको विषयका रूपमा हेर्ने परम्परागत दृष्टिकोण पर्याप्त नरहेको तथ्य आयोगले प्रस्ट्याएको छ। क्षतिग्रस्त विद्युत् संरचनाको प्राविधिक अवस्था, जोखिम तथा पुनःस्थापनाको प्रगतिबारे आवश्यक विवरण उपलब्ध गराउन सम्बन्धित संस्थालाई अनुरोध गर्दै आयोगले यस्ता विपद्बाट भविष्यमा विद्युत् जस्तो आधारभूत सेवालाई अझै सुरक्षित, सक्षम र प्रतिरोधी बनाउन प्रतिबद्ध रहेको उल्लेख गरेको छ।

जलविद्युत् आयोजना, प्रसारण प्रणाली र विद्युत् व्यापारबीचको अन्तरसम्बन्ध क्रमशः बढ्दै गएको वर्तमान परिप्रेक्ष्यमा एउटा नदी बेसिनमा घटित ठूलो प्राकृतिक विपद्को प्रभाव सम्बन्धित एकल आयोजनामा मात्र सीमित नरही यसले विद्युत् उत्पादन तथा आपूर्ति, प्रसारण प्रणालीको स्थायित्व र दिगोपना, विद्युत् व्यापार, आयोजनाको वित्तीय दायित्व रहेको छ। रासस


## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८३/०५/१८ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय बर्दिबास, महोत्तरीबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

**तपसिल**

| क्र.सं. | शाखा कार्यालय : बर्दिबास, महोत्तरी | |
|---|---|---|
| | **ऋणीको नाम, ठेगाना** | |
| १. | **नाम : हिरा यादव**<br>ना.प्र.नं. ३६९७३०९५, जि.प्र.का. महोत्तरी, जारी मिति : २०५९/०६/२४<br>बाबुको नाम : राम दयाल यादव, बाजेको नाम : सिया लाल यादव<br>ठेगाना : महोत्तरी जिल्ला, हतिसर्वा गा.वि.स. वडा नं. १, हालको ठेगाना : महोत्तरी जिल्ला, भंगाहा न.पा. वडा नं. ६ | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : हिरावन यादव**<br>ना.प्र.नं. ३६९७३०९६, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०५९/०६/२४<br>बाबुको नाम : राम दयाल यादव<br>बाजेको नाम : सिया लाल यादव<br>ठेगाना : महोत्तरी जिल्ला, हतिसर्वा गा.वि.स. वडा नं. १<br>हालको ठेगाना : महोत्तरी जिल्ला, भंगाहा न.पा. वडा नं. ६ | **२. नाम : समरीया यादव**<br>ना.प्र.नं. ३६९७०९३६, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०३७/०६/२१<br>पतिको नाम : राम दयाल यादव<br>ससुराको नाम : सिया लाल यादव<br>ठेगाना : महोत्तरी जिल्ला, हतिसर्वा गा.वि.स. वडा नं. १<br>हालको ठेगाना : महोत्तरी जिल्ला, भंगाहा न.पा. वडा नं. ६ |
| | **३. नाम : बिमल देवी यादव**<br>ना.प्र.नं. ३६९७३२३३, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६०/०८/१५<br>पतिको नाम : हिरावन यादव<br>ससुराको नाम : राम दयाल यादव<br>ठेगाना : महोत्तरी जिल्ला, हतिसर्वा गा.वि.स. वडा नं. १<br>हालको ठेगाना : महोत्तरी जिल्ला, भंगाहा न.पा. वडा नं. ६ | **४. नाम : संगिता कुमारी यादव**<br>ना.प्र.नं. १८-०१-७२-०३२९७, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०७२/०८/२०<br>पतिको नाम : हिरा यादव<br>ससुराको नाम : राम दयाल यादव<br>ठेगाना : महोत्तरी जिल्ला, हतिसर्वा गा.वि.स. वडा नं. १<br>हालको ठेगाना : महोत्तरी जिल्ला, भंगाहा न.पा. वडा नं. ६ |
| | **धितोको विवरण** | |
| | हिरावन यादवको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, हतिसर्वा वडा नं. १ क स्थित कित्ता न ७१६ को क्षेत्रफल ०-१-१०-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बर्दिबास, महोत्तरी, फोन नं. ०४४-५५०५६६
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np


# भोटेकोशी बाढी पीडितलाई विभिन्न संघसंस्थाबाट ४६ लाख सहयोग



दाङ । रसुवाको भोटेकोशीमा यही भदौ १० गते गएको बाढीबाट प्रभावित नागरिकको राहत, उद्धार तथा पुनःस्थापनाका लागि दाङमा राहत रकम जुटाउने क्रम जारी छ । जिल्लाका विभिन्न सङ्घसंस्थाले हालसम्म रु ४६ लाख सहयोग गरेका छन् ।

सोही क्रममा प्रभावित परिवारको राहत, उद्धार तथा पुनःस्थापनाका लागि राप्ती स्वास्थ्य विज्ञान प्रतिठान घोराहीले रु १५ लाख ६० हजार ५५५ रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेको छ।

प्रतिष्ठानका सूचना अधिकारी निशान भट्टराईका अनुसार उक्त रकम त्यहाँ कार्यरत चिकित्सक, नर्स तथा कर्मचारीसहित ५४० जनाबाट सङ्कलन गरिएको हो । प्रतिष्ठानमा कार्यरत कर्मचारीले दुई दिन बराबरको तलब कोषमा जम्मा गरेका हुन् । त्यसैगरी तुलसीपुरमा रहेको ज्ञान ज्योति फाउन्डेसनले कोषमा रु १५ लाख १५ हजार ५५५ आर्थिक सहयोग गरेको छ। फाउन्डेसन अन्तर्गत दाङमा सञ्चालित विभिन्न विद्यालयमा कार्यरत शिक्षक, कर्मचारी र संस्थाकातर्फबाट सङ्कलित उक्त रकम कोषमा जम्मा गरिएको फाउन्डेसनका प्रमुख कार्यकारी अधिकृत (सीइओ) सुरेन्द्र जिसीले जानकारी दिनुभयो।

त्यस्तै गोरखा समूह दाङद्वारा सञ्चालित विद्यालय, कलेज, अस्पताल तथा त्यहाँ कार्यरत शिक्षक, कर्मचारीद्वारा बाढीपीडितलाई रु १० लाख एक हजार सहयोग प्रदान गरिएको छ। विपद्को घडीमा थोरै भए पनि राहत होस् भन्ने उद्देश्यले गोरखा समूहअन्तर्गतका आठ विद्यालय र एउटा अस्पतालबाट उक्त सहयोग कोषमा जम्मा गरिएको गोरखा मावि घोराहीका प्रिन्सिपल मानसिंह जीएमले जानकारी दिनुभयो।

त्यसैगरी त्रिशिद्देश्वरी राप्ती यातायात सेवा प्रालि तुलसीपुरले रु तीन लाख ५५ हजार ५५५ सहयोग रकम सङ्कलन गरेको प्रालिका अध्यक्ष सुरेश हमालले बताउनुभयो । त्यसैगरी तुलसीपुर उद्योग वाणिज्य सङ्घले कोषमा रु एक लाख ११ हजार १११ सहयोग गरेको सङ्घका उपाध्यक्ष देवबहादुर केसीले जानकारी दिनुभयो।

रोटरी क्लब अफ तुलसीपुर सिटीले कोषमा रु एक लाख ११ हजार १११ सहयोग रकम जम्मा गरेको क्लबका अध्यक्ष देवेन्द्र केसीले जानकारी दिनुभयो। रासस

# गाउँपालिका अध्यक्षले मन्दिर निर्माण गर्न नदिएको दलितको आरोप

**टुडे समाचारदाता**

जनकपुरधाम, १७ भदौ । महोत्तरीको पिपरा गाउँपालिका-३ बन्चटोलवामा चम्पा देवीमाईको मन्दिर निर्माणलाई लिएर विवाद चर्किएको छ ।

स्थानीय दलित समुदायले गाउँपालिकाका अध्यक्ष रामजानकी यादवले जातीय विभेद गर्दै आफ्नो कुलदेवीको मन्दिर बनाउन अवरोध गरेको आरोप लगाएका छन्। अध्यक्ष यादवले भने आफूले कुनै किसिमको विभेद नगरेको र पुरानै विवाद थप नबढोस् भनेर निर्माण रोकिएको दाबी गरेका छन् ।

दलित समुदायले पुस्तौँदेखि पूजा गर्दै आएको चम्पा देवीमाईको मन्दिर पोखरीको डिल क्षेत्रमा निर्माण गर्न खोजेपछि गाउँपालिकाले रोक लगाएको उनीहरूको भनाइ छ। बुधबार आयोजित पत्रकार सम्मेलनमा राजेश दास, गणेश दास तत्मा, रामनाथ पासवान र भोला दासलगायतले आफूहरूलाई मन्दिर निर्माणबाट रोकिएको भन्दै घटनाको निष्पक्ष छानबिनको माग गरे ।



उनीहरूका अनुसार उक्त स्थानमा हलुवाई समुदायले पूजा गर्ने गणिनाथ भगवान गोविन्दको मन्दिर भने निर्माण गर्न दिइएको छ। स्थानीयको दाबीअनुसार उक्त मन्दिरका लागि गाउँपालिकाबाट लगातार दुई आर्थिक वर्षमा प्रतिवर्ष १० लाख रुपैयाँका दरले बजेटसमेत उपलब्ध गराइएको छ। प्रदेश सरकारले पनि गत वर्ष २५ लाख रुपैयाँ विनियोजन गरेको उनीहरूले बताएका छन् ।

दलित समुदायका प्रतिनिधि राजेश दासले एउटै क्षेत्रमा एउटा समुदायका लागि मन्दिर निर्माण गर्न अनुमति दिने र अर्को समुदायलाई कानुनी प्रावधान देखाएर रोक लगाउने कार्यमाथि प्रश्न उठाए। उनका अनुसार यदि पोखरीको पैनी क्षेत्र भएकै कारण निर्माण गर्न नमिल्ने हो भने सोही स्थानमा निर्माण गरिएको हलुवाई समुदायको मन्दिरबारे पनि समान कानुनी मापदण्ड लागू हुनुपर्ने माग उनीहरूको छ ।

गणेश दास तत्माले आफूहरूलाई कानुनको नाममा रोक लगाइएको अवस्थामा सोही आधारमा अन्य संरचनामाथि पनि छानबिन हुनुपर्ने बताए। उनका अनुसार मन्दिर निर्माणको विषयलाई लिएर विवादका क्रममा कुटपिटसमेत भएको छ। कुटपिटबाट एक व्यक्तिको नाकको हड्डी भाँचिएको दाबी गर्दै उनले उपचारसम्बन्धी कागजात हुँदाहुँदै प्रहरीले उजुरी दर्ता नगरेको आरोप लगाए ।

स्थानीय दलित समुदायले गाउँपालिका अध्यक्षसँगै जिल्ला प्रशासन कार्यालयको भूमिकामाथि पनि प्रश्न उठाएका छन्। गाउँपालिकाबाट निर्माण रोकिएपछि प्रमुख जिल्ला अधिकारीसमक्ष पुगेको र त्यहाँबाट पनि मन्दिर निर्माण नगर्न भनिएको उनीहरूको आरोप छ ।

भदौ १६ गते भएको छलफलका क्रममा आफूहरूलाई मन्दिर अन्यत्र सार्न दबाब दिइएको तथा मुद्दा अघि बढाए कारबाहीको चेतावनी दिइएकोसमेत उनीहरूले बताएका छन्। घटनामा जातीय विभेद, कुटपिट तथा धम्की भएको भन्दै उनीहरूले निष्पक्ष छानबिन गरी दोषीमाथि कारबाही गर्न राष्ट्रिय दलित आयोगसँग माग गरेका छन् । गाउँपालिका अध्यक्ष रामजानकी यादवले भने दलित समुदायमाथि आफूले कुनै विभेद नगरेको स्पष्ट पारेका छन्। उनका अनुसार चम्पा देवीमाईको मन्दिर निर्माण गर्न खोजिएको स्थानमा यसअघि नै हलुवाई समुदायको गणिनाथ मन्दिर रहेको छ ।

अध्यक्ष यादवका अनुसार प्रस्तावित नयाँ मन्दिर उक्त संरचनाबाट करिब १० फिटको दूरीमा निर्माण गर्न खोजिएको थियो। एउटै स्थानमा दुईवटा मन्दिर निर्माण गर्दा पहिलेदेखि कायम रहेको विवाद थप गहिरिने सम्भावना भएकाले निर्माण रोकिएको उनको भनाइ छ ।

उनले दलित समुदायका लागि वैकल्पिक स्थानमा भूईयाँ महाराजको मन्दिर निर्माण गर्न जग्गा उपलब्ध गराउनुका साथै बजेटको व्यवस्था गर्न आफूहरू तयार रहेको बताए। तर प्रस्तावित स्थानमै मन्दिर बनाउनुपर्ने अडानका कारण विवाद बढेको अध्यक्ष यादवको दाबी छ ।

प्रमुख जिल्ला अधिकारीले पनि शान्ति सुरक्षाको अवस्था बिग्रन नदिन दुवै पक्षलाई सम्झाउने प्रयास गरेको भन्दै अध्यक्ष यादवले घटनालाई जातीय विभेदको विषयका रूपमा प्रस्तुत गर्नु उचित नभएको बताएका छन् ।

मन्दिर निर्माणको विषय अहिले दुई समुदायबीचको विवादसँगै समान कानुनी व्यवहार, सार्वजनिक जग्गाको प्रयोग र स्थानीय तहबाट बजेट विनियोजनको विषयमा समेत प्रश्न उठ्ने अवस्थामा पुगेको छ ।

# रसुवा बाढीमा मधेशका २ जनाको शव सनाख्त

**टुडे समाचारदाता**

जनकपुरधाम । रसुवाको भोटेकोशीलगायत विभिन्न नदीमा आएको बाढीपछि सम्पर्कविहीन बनेका मधेश प्रदेशका दुई जनाको शव पहिचान भएको छ। सप्तरी र महोत्तरीका एक-एक जनाको शव सम्बन्धित परिवारले पहिचान गरेका हुन् ।



प्रहरीका अनुसार शवको पहिचान परिवारका सदस्यले अनुहार, कपडा, ट्याटु तथा शरीरमा रहेका अन्य विशेष चिन्हका आधारमा गरेका छन्। पहिचान भएका शव सम्बन्धित परिवारलाई बुझाउने प्रक्रिया अघि बढाइएको छ ।

महोत्तरीबाटसम्पर्कविहीनमध्ये गौशाला नगरपालिका-१ का कुशल खपाङ्गी मगरको शव फेला परेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ। सूचना अधिकारी पञ्चलाल गोलेका अनुसार खपाङ्गीको शव रसुवामा भेटिएको थियो ।

महोत्तरीबाट बाढीपछि १७ जना सम्पर्कविहीन भएकोमा हालसम्म सात जना परिवारको सम्पर्कमा आएका छन्। एक जनाको मृत्यु भएको पुष्टि भएको छ भने बाँकी १० जनाको अवस्था अझै अज्ञात रहेको प्रहरीको भनाइ छ । खपाङ्गीको शव परिवारले सनाखत गरिसकेको र शव बुझ्न सम्बन्धित स्थानतर्फ जाने तयारी भइरहेको प्रहरीले जनाएको छ ।

यसैगरी सप्तरीको खडक नगरपालिका-५ का सन्तोष चौधरीको पनि बाढीमा परी मृत्यु भएको पुष्टि भएको छ। उनको शव पूर्वी नवलपरासीमा फेला परेको सप्तरी प्रहरीले जनाएको छ। परिवारका सदस्यले शवको सनाखत गरेपछि बुझ्नका लागि भरतपुर अस्पताल जाने तयारी भइरहेको बताइएको छ ।

मधेश प्रदेश प्रहरी कार्यालयका अनुसार बाढी र त्यसबाट उत्पन्न विपद्का कारण प्रदेशका विभिन्न जिल्लाबाट कुल १९५ जना सम्पर्कविहीन भएका थिए। तीमध्ये ३३ जना सम्पर्कमा आइसकेका छन् भने दुई जनाको शव फेला परेको छ। अझै १६२ जनाको अवस्था अज्ञात रहेको प्रदेश प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार सबैभन्दा बढी सप्तरीबाट ४९ जना सम्पर्कविहीन भएका छन्। त्यसमध्ये एक जना मात्रै सम्पर्कमा आएका छन्। पर्साबाट ४० जनामध्ये दुई, बाराबाट २५ जनामध्ये दुई, रौतहटबाट १९ जनामध्ये छ, सर्लाहीबाट २१ जनामध्ये तीन, महोत्तरीबाट १७ जनामध्ये सात, धनुषाबाट १४ जनामध्ये सात र सिरहाबाट १० जनामध्ये दुई जना सम्पर्कमा आएका छन् ।

प्रदेश प्रहरीका प्रवक्ता एसएसपी ओमप्रकाश खनालका अनुसार मंगलबार साँझ ५ बजेसम्मको विवरणमा प्रदेशबाट प्रहरी कर्मचारीतर्फ सम्पर्कविहीन १० जनामध्ये सात जना सम्पर्कमा आएका छन्। त्यस्तै नेपाली सेनामा कार्यरत तीन जनामध्ये एक जना सम्पर्कमा आएको विवरण छ ।

नेपाल प्रहरीका अनुसार बाढी तथा अन्य विपद्सँग सम्बन्धित घटनामा फेला परेका शवमध्ये ९५ वटा शव सम्बन्धित परिवारलाई हस्तान्तरण गरिएको छ ।

प्रहरी प्रवक्ता डीआईजी अबिनारायण काफ्लेले विभिन्न जिल्लामा गरी ९५ शव परिवारलाई बुझाइएको जानकारी दिए। उनले शव हस्तान्तरणको एकीकृत विवरण केन्द्रीय कार्यालयमा नरहेको र सम्बन्धित जिल्ला प्रहरी कार्यालयबाट तथ्यांक व्यवस्थापन भइरहेको बताए ।

> मधेश प्रदेश प्रहरी कार्यालयका अनुसार बाढी र त्यसबाट उत्पन्न विपद्का कारण प्रदेशका विभिन्न जिल्लाबाट कुल १९५ जना सम्पर्कविहीन भएका थिए। तीमध्ये ३३ जना सम्पर्कमा आइसकेका छन् भने दुई जनाको शव फेला परेको छ। अझै १६२ जनाको अवस्था अज्ञात रहेको प्रदेश प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार हालसम्म देशभर १ हजार ११८ शव फेला परिसकेका छन्। तीमध्ये भोटेकोशी बाढीबाट सबैभन्दा बढी प्रभावित रसुवा जिल्लामा मात्रै ११९ वटा शव फेला परेको प्रहरीको तथ्यांकमा उल्लेख छ। बाढीका कारण ठूलो मानवीय क्षति भएपछि विभिन्न जिल्लामा बेपत्ता व्यक्तिको खोजी तथा पहिचानको काम अझै जारी रहेको प्रहरीले जनाएको छ ।

## यसरी गरिदैंछ डिएनए परिक्षण

शव गलेको, कतिपयको अनुहार चिन्न नसकिने अवस्था रहेको र कतिपयको शरीरका केही अङ्गमात्र फेला परेकाले शव पहिचानमा कठिनाइ भएकाले सरकारले डीएनए परीक्षण गरी शव पहिचान गर्ने र परिवारका सदस्यलाई हस्तान्तरण गरिरहेका छन् ।

विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय अन्तर्गत राष्ट्रिय विधि विज्ञान प्रयोगशाला खुमलटारले बाढीमा बेपत्ता भएका व्यक्तिको बाबु, आमा, छोरा वा छोरीलाई सम्भावित डीएनए दाताको सूचीमा राखेको छ । उनीहरुको रगतको नमुना सङ्कलन गरी प्रयोगशालामा परीक्षण गरी सोही डीएनएसँग मिल्दो डीएनए रिपोर्ट रहेको शव सम्बन्धित परिवारलाई हस्तान्तरण गरिने भएको छ ।

सम्बन्धित परिवारका सदस्यले डीएनए परीक्षण अघि नेपाल प्रहरीलाई सम्पर्क गर्नुपर्ने राष्ट्रिय विधि विज्ञान प्रयोगशाला खुमलटारले प्रस्ट पारेको छ । राष्ट्रिय विधि विज्ञान प्रयोगशालाका अनुसार नेपालमा आफन्तहरु हराएको व्यक्तिको आमाबाबु वा बच्चाले डीएनए प्रोफाइलिङको लागि ताजा रगतको नमुना उपलब्ध गराउन सक्नेछन् । नमुना दिने आफन्तले दुई पासपोर्ट साइजको फोटो ल्याउनु पर्ने जनाइएको छ ।

# भदौ महिनादेखि नै मधेशको बजेट कार्यान्वयन

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले चालु आर्थिक वर्षदेखि बजेट कार्यान्वयनमा भदौ महिनादेखि गर्ने तयारी गरेको छ । आर्थिक वर्षको अन्त्यमा मात्र विकास निर्माणका कामलाई तीव्रता दिने पुरानो प्रवृत्ति अन्त्य गर्ने उद्देश्यले यस पटक भदौ महिनादेखि अख्तियारी दिने कार्य शुरु गरिएको अर्थमन्त्रालयले जनाएको छ ।



मन्त्रालयले भदौमै सबै मन्त्रालयलाई विनियोजित बजेट खर्च गर्न सक्ने अख्तियारी दिएको हो । यससँगै मन्त्रालयहरूले आफ्नो योजनाअनुसार विकास निर्माणका कामको प्रक्रिया अघि बढाउन सक्ने भएका छन् ।

यसअघि कर्मचारीको तलब, भत्ता, इन्धनलगायत चालु खर्च नियमित भए पनि विकास बजेट भने लामो समय रोकिराख्ने र आर्थिक वर्षको अन्तिम समयमा जेठ-असारमा हतारहतार खर्च गर्ने प्रवृत्ति रहेको थियो । आर्थिक वर्षको अन्त्यतिर फागुन महिनापछि बजेट कार्यान्वयन गर्दा हतार हतारमा काम पनि कमसल र बजेट फ्रिज हुने गरेको प्रवृति रोक्न यसपटक भदौ महिनादेखि कामको थालनी गरिएको अर्थमन्त्रालयको भनाई छ ।

मधेश प्रदेशका अर्थमन्त्री युवराज भट्टराईले यस वर्षदेखि यस्तो प्रवृत्तिको अन्त्य गर्दै सुरुदेखि नै विकास बजेट कार्यान्वयनमा लैजाने नीति लिइएको बताएका छन् । उनका अनुसार मन्त्रालयहरूले अब समयमै टेन्डर प्रक्रिया अघि बढाएर योजना कार्यान्वयन गर्न सक्नेछन् ।

प्रदेश सरकारले विकास निर्माणका सबै काम उपभोक्ता समितिमार्फत गराउने पुरानो अभ्यासलाई समेत निरुत्साहित गर्दै यस वर्षदेखि टेन्डर प्रक्रियालाई प्राथमिकता दिएको छ । एक करोड रुपैयाँभन्दा कम लागतका योजना बजेटमा समावेश नगर्ने नीति पनि सरकारले लिएको छ ।

विगतमा उपभोक्ता समितिमार्फत सञ्चालन हुने टुक्रे योजनामा अनियमितता, योजना किनबेच र कमिसनको खेल हुने आरोप लाग्दै आएको थियो । त्यसलाई नियन्त्रण गर्न टेन्डरमार्फत विकास आयोजना अघि बढाउने सरकारको दाबी छ ।

अर्थमन्त्री भट्टराईले बजेट विनियोजन भए पनि भुक्तानीका लागि मन्त्रालय, मन्त्री वा सचिवसँग भनसुन गर्नुपर्ने अवस्था अन्त्य गरिएको बताए । संघबाट प्राप्त हुने अनुदान तथा राजस्व संकलनमा कमी आउन सक्ने सम्भावनालाई ध्यानमा राख्दै केही मन्त्रालयका केही शीर्षकको बजेट भने रोक्का गरिएको अर्थ मन्त्रालयले उनले जनाए ।

मधेश प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८३/८४ का लागि ४१ अर्ब १३ करोड ८६ लाख रुपैयाँको बजेट ल्याएको छ । सुरुदेखि नै बजेट कार्यान्वयनमा जोड दिएसँगै आर्थिक वर्षको अन्त्यमा हुने अस्वाभाविक खर्च नियन्त्रण हुनुका साथै विकास आयोजनाको गुणस्तर सुधार हुने अर्थमन्त्रालयको विश्वास छ ।

# सडक अवरोध तत्काल हटाउन कार्ययोजना स्वीकृत

**टुडे समाचारदाता**

जलेश्वर । वर्षा लगायतका प्राकृतिक प्रकोप तथा विभिन्न कारणले राजमार्ग र मुख्य सडकमा हुने अवरोध तत्काल हटाउन महोत्तरीमा सुरक्षा निकाय र सम्बन्धित सरोकारवाला निकायलाई थप सक्रिय बनाउन लागिएको छ ।



जिल्ला सुरक्षा समितिले राजमार्ग तथा सडकलाई अवरोधरहित रूपमा सञ्चालन गर्ने कार्ययोजना, २०८३ स्वीकृत गर्दै सडक अवरोध हटाउन सबै सुरक्षा निकाय तथा सरोकारवाला निकायबीच प्रभावकारी समन्वय गर्ने निर्णय गरेको हो ।

निर्णयअनुसार जिल्लाका मुख्य राजमार्ग तथा सहायक सडकमा बाढी, पहिरो तथा अन्य प्राकृतिक प्रकोपका कारण अवरोध भए सडक डिभिजन कार्यालयले आवश्यक हेभी इक्युपमेन्ट चौबीसै घण्टा तयारी अवस्थामा राखिनेछ ।

अवरोधको सूचना प्राप्त हुनासाथ नेपाल प्रहरी र सशस्त्र प्रहरीसँग समन्वय गरी बढीमा ३० मिनेटभित्र जेसिबी, एस्काभेटर र चालकसहितको टोली घटनास्थलमा पुग्ने व्यवस्था मिलाइने महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिए ।

त्यस्तै, विभिन्न माग तथा विरोधका नाममा हुने चक्काजाम, धर्ना वा सडक दुर्घटनाका कारण राजमार्ग अवरुद्ध भए जिल्ला सुरक्षा समितिको नेतृत्वमा सुरक्षा निकाय परिचालन गरी तत्काल सडक खुलाइने भएको छ । कानुनविपरीत सडक अवरोध सिर्जना गर्ने पक्षलाई कानुनी दायरामा ल्याउने गरी सुरक्षा निकाय सक्रिय रहने निर्णयसमेत गरिएको छ ।

राजमार्ग तथा मुख्य सडकको दायाँबायाँ अनधिकृत रूपमा राखिएका ढुङ्गा, बालुवा, गिट्टीलगायत निर्माण सामग्री, अवैध पार्किङ तथा छाडा चौपायाका कारण हुने अवरोध हटाउन सम्बन्धित सडक कार्यालयले स्थानीय तह र नेपाल प्रहरीसँग समन्वय गर्ने भएको छ ।

सडक डिभिजन, हुलाकी सडक निर्देशनालय, योजना कार्यालय तथा जनकपुरधाम-कमला-ढल्केवर-पथलैया सडकको पूर्वी खण्डअन्तर्गत पर्ने सडकमा रहेका पुल तथा कल्भर्टमुनि बाढीले बगाएर ल्याएका रुख, माटो, ढुङ्गालगायतका वस्तु नियमित अनुगमन गरी तत्काल हटाइने निर्णय भएको छ ।

सडक दुर्घटना न्यूनीकरणका लागि जोखिमयुक्त सडकखण्डको नियमित अनुगमन गर्ने, आवश्यक स्थानमा चेतावनी बोर्ड तथा संकेत चिह्न राख्ने र सुरक्षा व्यवस्था मिलाउने निर्णय पनि गरिएको छ ।

यसैगरी, ट्राफिक नियमको प्रभावकारी कार्यान्वयन, क्षमताभन्दा बढी यात्रु तथा मालसामान ओसारपसार नियन्त्रण र सवारीसाधनको नियमित अनुगमनलाई कडाइ गर्ने निर्णय गरिएको छ । स्थानीय तह तथा गैरसरकारी संस्थासँग समन्वय गरी ट्राफिक प्रहरीले सडक प्रयोग र ट्राफिक व्यवस्थासम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने निर्णयसमेत गरिएको छ ।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८